मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति' को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक २३१ | २०८० साल असार १७ गते आइतबार | Sunday 02, July 2023 | सूर्योदय: बिहान ५:१५ बजे | सूर्यास्त: साँझ ७:३ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# बयानका नाममा चरम यातना
# एसपी र डिएसपीविरुद्ध नै किटानी जाहेरी

*जेठ ७ गते रहस्यमय मृत्यु भएकी जनकपुरधाम उपमहानगरपालिका-९ थापाचोककी २२ वर्षीया आरती साहका परिवारलाई क्रुर र चरम यातना दिएको भन्दै एसपी विश्वराज खड्का, डिएसपी वेदप्रसाद गौतम, सई जयप्रकाश साहसहितको टोलीविरुद्ध जिल्ला हुलाक कार्यालय धनुषाबाट जिल्ला सरकारी वकिलको कार्यालयमा किटानी जाहेरी पठाइएको छ।*



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाका प्रहरी उपरीक्षक (एसपी) र प्रहरी नायव उपरीक्षक (डिएसपी)विरुद्ध किटानी जाहेरी परेको छ। सिंगो परिवारका सदस्यलाई बयानका लागि बोलाएर प्रहरी कार्यालयमा कुटपिट तथा यातना दिइएको भन्दै धनुषाको नगराइन नगरपालिका-८ खिरखिरियाका २० वर्षीया मनिषा साहले हुलाकबाट जाहेरी पठाएकी हुन्।
मनिषा जेठ ७ गते रहस्यमय मृत्यु भएकी जनकपुरधाम उपमहानगरपालिका-९ थापाचोककी २२ वर्षीया आरती साहकी बहिनी हुन्। नगराइनका विनोद प्रसाद साहकी छोरी मनिषाले धनुषाका एसपी विश्वराज खड्का, डिएसपी वेदप्रसाद गौतम, सई जयप्रकाश साहसहितका प्रहरीविरुद्ध जिल्ला हुलाक कार्यालय धनुषाबाट जिल्ला सरकारी वकिलको कार्यालयमा किटानी जाहेरी पठाएकी हुन्।
त्यसअघि पीडित परिवार जाहेरी दर्ता गराउन जिल्ला प्रहरी कार्यालय पुगेका थिए। त्यहाँ एसपी खड्काले प्रहरीमाथि कुटपिट र अन्याय गरी उल्टै आफूहरुलाई थप पीडा पुऱ्याएकाले हुँदै नभएको घटनाको जाहेरी नलिने प्रतिक्रिया दिएका थिए। त्यसपछि आरतीका परिवार सरकारी वकिलको कार्यालय पुगेका थिए। त्यहाँसमेत जाहेरी नलिएपछि मनिषाले हुलाकबाट पठाएकी हुन्। उनीहरुलाई एड्भोकेसी फोरम नेपालबाट अधिवक्ता कुमार प्रसाद थपलिया र सूचना अधिकृत विन्देश दाहालले सहयोग गरेका छन्। मनिषासँगै उनका भाइ प्रेम, हजुरबुबा रामअशिष साहसहित गएका थिए।
बयानका लागि बोलाएर प्रहरी कार्यालयमा आफ्नो परिवारका सदस्यमाथि दिएएको चरम यातनामा संलग्न प्रहरीलाई कारबाहीको माग जाहेरीमा गरिएको छ।
आरती मृत्यु प्रकरणको मिसिल सरकारी वकिल कार्यालयबाट जिल्ला प्रहरी कार्यालयमा थप बयानका लागि फर्काएपछि जेठ ३२ गते माइती पक्षका सदस्य बोलाइएको थियो। जाहेरीमा उल्लेख व्यहोरामा दिउँसो १२ बजे पुग्दा प्रहरीले सुरुमा आमा निर्मलाको बयान लिए। बयान र प्रहरीको लिखतमा फरक परेको भन्दै हस्ताक्षर गर्न नमान्दा प्रहरीले कुटपिट तथा यातना दिनुका साथै दिउँसो ३ बजेदेखि राति १० बजेसम्म थुनामा राखेको जाहेरीमा उल्लेख छ।
बयानका लागि आमा निर्मला, बुबा बिनोद, बहिनी मनिषा, भाइ प्रेम र मामा सन्तोष प्रहरीमा पुगेका थिए। प्रहरीले लेखेको बयानमा पाँचैजनालाई जबर्जस्त सहीछाप गर्न कर गरेको र नमान्दा डिएसपी गौतमसहितका प्रहरी कर्मचारीले कुटपिट गरी थुनेर शारिरीक तथा मानसिक यातना दिइएको उल्लेख छ।
दिदीको मृत्युपश्चात् विभिन्न निकायमा उजुरी जाहेरी किन दिएको, बयानमा किन हस्ताक्षर नगरेको भन्दै डिएसपी गौतमले हातले आफ्नो घाँटी ड्याकेर उचाली भूईमा बजारेको, लछारपछार गरेको, देब्रे कन्चटमा झापडले र लात्तीबुटले तल्लो पेटमा हिर्काएको, गम्भीर चोटको कारण रक्तस्राव भएको, देब्रे कान नसुन्ने गरेको जाहेरीमा मनिषाले उल्लेख गरेकी छन्। जसको त्यसै राति प्रादेशिक अस्पताल जनकपुरधाममा गराएको उपचारको घाउजाँच फारम, निलडामको तस्बिर पनि जाहेरीमा संलग्न गरिएको छ। एकजना कार्की थर भएका प्रहरी इन्सपेक्टर, सइ जयप्रकाश ठाकुर, नाम थाहा नभएका दुईजना महिला प्रहरी र अन्य प्रहरीले आफूलाई रक्तस्राव भइरहँदा कपाल समातेर घिसारेको, झापड हानेको, आफ्ना भाइ प्रेमलाई बुट र बन्दुकको कुनाले हिर्काउँदा अवस्था सिकिस्त भएर बान्ता गरेको, जुत्ता निकालेर फोहोर मोजा सुँघाइएको, आमाको नाक कानमा लगाएको गहना दुईजना प्रहरीले अमानवीय ढंगले थुतेर थुनुवा कक्षमा लगेको, बुबा र मामालाई जथाभावी लातबुट र झापडले हानी थुनामा राखेर चरम यातना तथा अमानवीय व्यबहार गरेको जाहेरीमा उल्लेख छ।
त्यस्तै, राति साढे ९ बजे एसपी खड्काले आमा बुबासहित सबैलाई थुनाबाट निकालेर पार्किङ स्थलमा लगेर आरतीको विषयमा विभिन्न संस्थामा किन उजुरी दिएको भन्दै गालीगलौज गरेको जाहेरीमा उल्लेख छ। कुटपिट तथा यातनाको विषयमा कतै उजुरबाजुर गरे ज्यान मार्ने धम्की दिँदै एसपी खड्काले आइन्दा यस्तो नगर्ने शर्त गराउँदै खुट्टा ढोग्न लगाएको, त्यसक्रममा आमाबुबा भक्कानिएर पीडाले रोएको जाहेरीमा दाबी गरिएको छ। आफ्नो परिवारको सदस्यको शंकास्पद मृत्यु हुँदा सत्य जान्न खोज्नु, अनुसन्धानका लागि राज्यका सरोकारवाला अंग तथा संस्था गुहार्नु, सूचना माग गर्नु, उजुरी र निवेदन दिनु जस्ता सामान्य प्रयत्न जो कोहीले कानुनी अधिकारको प्रयोग गर्दा उल्टै पीडित परिवारलाई निर्ममतापूर्वक यातना दिएर प्रहरीले कसुर गरेकाले कानुनबमोजिम कारबाहीको माग दाबी जाहेरीमा गरिएको छ।
यता, धनुषा प्रहरीले आरतीका माइतपक्षले आफूहरुमाथि कुटपिट तथा दुर्व्यवहार गरी पीडित बनाएको दाबी गरेको छ। सत्यतथ्य अनुसन्धान गरी मुद्दा दायर गर्दा नै आरतीको पति र ससुरा पुर्पक्षका लागि जेल चलान भएको एसपी खड्काको तर्क छ।
उनले आरतीको माइत पक्षले नाटकीय ढंगबाट दबाब सिर्जना गर्दा आफूहरु अन्यायमा अन्यायमा परेको बताए। उनका अनुसार जेठ ३२ गते बयानक्रममा मोबाइलबाट फोटो भिडियो लिन खोजेको र नलिन आग्रह गर्दा उनीहरुले नमानेपछि रोक्ने प्रयास गर्दा प्रहरीमाथि कुटपिट तथा ज्यादती गरेको तर्क एसपी खड्काको छ।जुन घटनामा आफ्ना ६ जना प्रहरीमाथि आरतीको परिवारले कुटपिट तथा दुर्व्यवहार र कार्यालयमा तोडफोड जस्ता उच्छृंखल गतिविधि गरेको दाबी छ। प्रहरी इन्सपेक्टर दिनेश अधिकारी, नवराज खड्का र विक्रम साह, सई जय प्रकाश यादव, प्रहरी सहायक हबल्दार सुस्मिता राई, महिला प्रहरी गोमा थापा, डिएसपी गौतमका सुरक्षागार्ड हनुमान राई माथि हातपात तथा दुर्व्यवहार भएको खड्काले बताए। उनले कुनै प्रहरीले उनीहरुमाथि कुटपिट नगरेको, महिलामाथि पुरुष प्रहरी जिउमा समेत नछोएको दाबी गरे। आरतीकी श्रीमान जनकपुरधाम उपमहानगरपालिका-९ थापाचोकका मोतीबाबु साह र ससुरा मदनमोहन व्याहुत अहिले पुर्पक्षका लागि थुनामा छन्। असार ५ गते मृतक धनुषा जिल्ला अदालत धनुषाले पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो।

# भारतीय पक्षले पानी नदिएपछि रोपाइँ प्रभावित



**मधेशदृष्टि**
**वीरगंज।**
रोपाइँका लागि नहरमा पानी दिनुपर्ने सिजनमा भारतीय पक्षले नहरको मर्मतसम्भार भइरहेको भन्दै पर्याप्त पानी नदिएपछि गण्डक नहरमा आश्रित किसानको रोपाइँ पनि प्रभावित भएको छ।
भारतसँगको गण्डक सम्झौताअनुसार वर्सेनि धानबालीका लागि असार १५ र गहुँबालीका लागि पुस १० गतेदेखि नहरमा ८ सय ५० क्युसेक पानी भारतीय पक्षले दिइसक्नु पर्छ। भारतको झमरी नदीमा नहरको संरचनामा लिकेज भएको भन्दै हाल भारतीय पक्षले नहरको मर्मतसम्भारको काम गरिरहेको छ।
नारायणी सिचाइँ व्यवस्थापन कार्यालयका सूचना अधिकृत एवम् इन्जिनियर सुरेश साहका अनुसार साता अघिदेखि भारतीय पक्षले त्यहाँ नहरमा मर्मत सम्भारको काम गरिरहेको छ। हाल भारतीय पक्षले नहरमा करिब २ सय क्युसेक मात्र पानी छोडेको र यति पानीले पर्सा जिल्लाको माग पनि पूरा नहुने साहले बताए। गण्डक नहरबाट पर्सा, बारा र रौतहट गरी तीनवटा जिल्लामा गरी ३७ हजार ४ सय हेक्टर जग्गा सिञ्चित गर्ने लक्ष्य भए पनि वर्सेनि कुनै न कुनै समस्या देखाउँदै भारतले सम्झौताअनुरुपको ८ सय ५० क्युसेक पानी नेपाललाई दिँदैन पर्सा, बारा र रौतहटमा गरी १५ ब्लकमा विभाजित गण्डक नहरको लम्बाइ नेपालतर्फ ८१ किलोमिटर छ।

# दुई देशको सम्बन्ध कसैलै बिगार्न सक्दैनः वक्ता



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम।**
मधेश प्रदेशका प्रमुख हरिशङ्कर मिश्रले नेपाल र भारत राजनीतिक रूपमा फरक राष्ट्र भए पनि सांस्कृतिक र भौगोलिक रूपमा दुवै समान राष्ट्र भएको बताएका छन्।
शनिबार जनकपुरधाममा इन्डो नेपाल डाक्टर्स फोरमको संविधान तथा उद्घाटन कार्यक्रममा बोल्दै मिश्रले रामायणकालदेखि नै रहिआएको दुई देशबीचको रोटीबेटीको सम्बन्धलाई कसैले तोड्न नसक्ने बताए। उनले भने, 'भारतले नेपाललाई हरेक क्षेत्रमा सहयोग गरिरहेको छ, नेपालमा पहिलो वीर अस्पताल भारतले स्थापना गरेको छ।'
कार्यक्रममा जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले नेपाल र भारतका जनता एउटै परिवारजस्तै रहेको बताए। उनले नेपाल र भारत एकअर्काको सहयोगीको रुपमा पौराणिककालदेखि नै रहदै आएकाले यस सम्बन्धमा कसैले चाहेर पनि केही बिगार्नसक्ने बताए। उनले मधेश आन्दोलनमा पनि भारतको महत्वपूर्ण सहयोग रहेको चर्चा गरेका थिए।
त्यसैगरी, विशेष अतिथिका रुपमा बोल्दै भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा मुजफ्फरपुरका सांसद अजय निषादले जनकपुरधाममा एम्स स्थापनाका लागि पहल गरिने बताए।
उनले यसका लागि प्रधानमन्त्रीसँग नेपालको प्रतिनिधिमण्डलसँग भेट गरी प्रक्रियाको थालिने गरिने बताए। डा. पीके ठाकुरको अध्यक्षतामा भएको कार्यक्रममा इन्डो नेपाल डाक्टर्स फोरमका अध्यक्ष डा नवलकुमार सिंह, आइएमएका पूर्वअध्यक्ष सहजानन्द प्रसाद, भाजपा नेता अमर सिंहले पनि आफ्नो धारणा राखेका थिए।

# मारुती सिमेन्टका प्रबन्धक पक्राउ
## सञ्चालक नन्दकिशोर राठी र प्रबन्ध निर्देशक अनुज राठी फरार



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मारुती सिमेन्ट उद्योगका व्यापार प्रबन्धक ज्योति जोशीलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ। आपराधिक विश्वासघात मुद्दामा मारुती सिमेन्ट उद्योगका व्यापार प्रबन्धक जोशीलाई प्रहरीले पक्राउ गरिएको हो।
मुद्दामा पक्राउ पुर्जी जारी भएका मारुती सिमेन्ट उद्योगका सञ्चालक नन्दकिशोर राठी र उनका छोरा उद्योगका प्रबन्ध निर्देशक अनुज राठीसहित ७ जना भने फरार छन्। राजविराज नगरपालिका ४ का स्थानीय दिवाकर साहले दिएको जाहेरीका आधारमा सप्तरी जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भई मारुती सिमेन्टका व्यापार प्रबन्धक ज्योति जोशीलाई तीन दिनअघि नै पक्राउ गरिएको सप्तरीका प्रहरी उपरीक्षक नरेन्द्रकुमार कार्कीले जनाएका छन्।
सप्तरी प्रहरीले बुधबार नै पाँच दिनको म्याद थप गराइ उनीमाथि थप अनुसन्धान गरिरहेको जनाएको छ। स्थानीय दिवाकर साहले आफ्नो घर निर्माणका लागि मारुती सिमेन्टको प्रयोग गरेका थिए भने यस सिमेन्टमा प्रयोग गरी घर बनाउँदा भऱ्याङ लडेपछि सिमेन्ट गुणस्तरहीन भएको आरोप लगाउँदै जिल्ला प्रहरी कार्यालय सप्तरीमा ठगी (आपराधिक विश्वासघात ) मुद्दामा जाहेरी दिएका थिए।
सोही जाहेरीका आधारमा पक्राउ पुर्जी जारी भइ आरोपित जोशीलाई विराटनगरबाट पक्राउ गरी सप्तरी ल्याइएको छ। यस मुद्दामा मारुती सिमेन्टका प्रमुख सञ्चालक नन्दकिशोर राठी, प्रबन्ध निर्देशक अनुज राठी, मारुती सिमेन्टका प्रतिनिधि लक्ष्मीप्रसाद सिवाकोटी, डिलर सञ्जय साह, सिमेन्ट बिक्री वितरण गर्ने राजविराज नगरपालिका वडा नम्बर २ का नरेश साहसहित अजयकुमार साह फरार रहेको सप्तरी प्रहरीले जनाएको छ।
जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएका उनीहरूको खोजी कार्य भने जारी रहेको सप्तरी प्रहरीले जनाएका छन्। गुणस्तरहीन सिमेन्टका कारण आफ्नो भऱ्याङ ढलेको तथा घर नै क्षतिग्रस्त भएको भन्दै दिवाकर साहले दावीसहितको उजुरी जिल्ला प्रहरी कार्यालयमा दिएका थिए। दिवाकरले मारुती सिमेन्ट उद्योगसँग क्षतिपूर्ती माग गरेका थिए। तर क्षतिपूर्ती नदिँदा उनले कानुनी प्रक्रियाअनुसार अघि बढेका हुन्।

# चाप बढेपछि भाटभटेनी बन्द



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिका १४ मुजेलियास्थित भाटभटेनीमा सेवाग्राहीको अत्यधिक भिड बढेपछि भाटभटेनी नै बन्द गरिएको छ। शनिबार बिदाका दिनमा बढेको अत्यधिक भिड थाम्न नसकेपछि शिशाको प्रवेशद्वार नै फुट्दा भाटभटेनी बन्द गरिएको हो।
सेवाग्राहीको भिड थाम्न नसकेर शनिबार दिउँसो ३ बजेदेखि बन्द गर्नु परेको भाटभटेनीका व्यवस्थापक पुष्कल राईले जानकारी दिएका छन्। उनका अनुसार, अत्यधिक भिड भएपछि ग्राउन्ड फ्लोरको एउटा ढोका फुटेको थियो। अरु क्षति हुनबाट रोक्न र सेवाग्राहीको सुरक्षालाई ध्यानमा राखी बन्द गरिएको उनले बताए।
'सेवाग्राहीको निकै चाप थियो। हामीसँग उपलब्ध रहेको कामदारले सेवाग्राहीलाई सपिङ गराउन नसक्ने भएपछि बन्द गरेका थियौं,' उनले भने, 'व्यापार राम्रो भइरहेको छ।' कामदार थप्ने वा भिडमा कसरी सेवाग्राहीलाई सेवा दिने विषयामा आफूहरु सञ्चालक समितिलाई जानकारी गराएको उनले बताए। तर आइतबारदेखि ७:३० मा खोल्ने र राति ८:३० मा बन्द गर्ने उनले जनाएको छ। यता, अत्यधिक भिडका कारण भाटभटेनीको अगाडि रहेको सिक्सलेन सडक पनि जाम रहँदै आएको छ। नेपाल प्रहरी र ट्राफिकसहित एकदर्जन सुरक्षाकर्मीले त्यहाँ दैनिक सुरक्षा दिँदै आए पनि जनकपुरधाम आउने र बाहिरिने लामो तथा छोटो दूरीका गाडीलाई ट्राफिक जामको ठूलै समस्या झेल्नु परिरहेको देखिएको छ।२ अर्ब रुपैयाँ बढी लगानीमा जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १४ मुजेलिया, सहिदद्वार नजिकै स्थापना भएको यस स्टोर १ बिघा १० धुर क्षेत्रफलमा बनेको छ। २ लाख बढी वर्गफुट सपिङ स्पेस रहेको यस स्टोरमा दुईसय बढी स्थानीयले प्रत्येक्ष रोजगारी पाएका छन्। स्टोरको शुभारम्भको अवसरमा ग्रोसरीमा १० प्रतिशत र इलेक्ट्रिक सामानमा २० प्रतिशतसम्म नगद छुटसँगै फ्रि होमडेलिभरी सुविधा पनि दिएको भाटभटेनीले जनाएको छ।

# गठबन्धन सरकार पाँच वर्ष चल्छ : प्रधानमन्त्री



**रासस**
**गण्डकी ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गठबन्धनको सरकार पाँच वर्ष नै चल्ने बताएका छन् । प्रेस सेन्टर नेपाल गण्डकी प्रदेशद्वारा शनिबार कास्कीको पोखरामा आयोजित पत्रकार सम्मेलनमा उनले भने, 'गठबन्धनको सरकार पाँच वर्ष चल्छ । यो कसैले हिलाएर हिल्दैन । हामी समझदारीका साथ अगाडि बढ्छौं ।'भ्रष्टाचारविरूद्ध अनुसन्धानको कार्यले थप तीव्रता पाउने उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भ्रष्टाचार देशको विकराल समस्या भएको उल्लेख गरे ।
नक्कली भुटानी शरणार्थी प्रकरण होस् वा ललिता निवास प्रकरण होस्, यसमा सरकार दृढताका साथ सरकार अगाडि बढेको जिकिर गर्दै उहाँले थप तीव्रताका साथ अघि बढ्ने बताए ।
'बजेट पास होला कि नहोला भन्ने तरङ्ग थियो । विनियोजन विधेयक पारित भइसकेपछि यो तरङ्ग अन्त्य भएको छ', प्रधानमन्त्री दाहालले भने- 'यसपटक हामीले भिन्न ढङ्गले नै काम सुरू गरेका छौं । यो सामान्य मात्र नभएर विशिष्ट प्रकृतिको छ । जनताले भोगका समस्या सम्बोधन गर्न हाम्रो पूरै कोसिस रहेको छ । विदेशमा रहेका लाखौं नेपाली श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरेका छौं, यसको दूरगामी अर्थ छ ।'
अर्थतन्त्र धरासायी बढी नै हुन्छ कि भन्ने रहेका अवस्थामा यो बिस्तारै लयमा फर्किएको उनको भनाइ थियो ।
यसपटकको भारत भ्रमण ऐतिहासक भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले राष्ट्को हितमा भारतसँग धेरै महत्वपूर्ण समझदारी भएको बताए । 'भारतीय प्रधानमन्त्रीले आफैं सीमा समस्या हल गरिन्छ भन्नु ठूलो विषय हो । यसअघि भारतका कार्यकारी प्रमुखले यसबारे बोलेका छैनन्', उनले भने ।
पारवाहन सन्धि पुनरावलोकन महत्वपूर्ण निर्णय भएको र विद्युत् व्यापार सम्झौता पनि सामान्य कुरा नभएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने समझदारी सामान्य नभएको बताए । यसबाट विद्युत् व्यापार पनि बढ्ने र लगानीको ढोका पनि खुल्ने जिकिर गर्दै उनले यो आउने पिँढीले पनि सम्झिरहने काम भएको उल्लेख गरे ।
राष्ट्र र जनताप्रति इमानदार भएर काम गरिरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले छिट्टै चीनको भ्रमणको तयारी भएको जानकारी गराए ।
चीनमा पनि देश र जनताको हितमा अधिकतम राम्रो कोसिस हुने उनको भनाइ थियो । हवाईमार्गका लागि भारतसँग कुरा गरिएको र छिट्टै त्यो निष्कर्षमा पुग्ने जिकिर गर्दै उनले चीन जाँदा पनि यस विषयमा छलफल हुने बताए । भ्रष्टाचारका सम्बन्धमा प्रहरीले आफ्नोतर्फबाट अनुसन्धान गरिरहेको र प्रहरीलाई सरकारले आवश्यक निर्देशित गरिरहेको जिकिर गर्दै उनले यो प्रक्रिया अगाडि बढिरहेको छ र निरन्तर अगाडि जाने बताए ।
पोखरामा शुक्रबार सम्पन्न प्रदेशका मुख्यमन्त्रीको गम्भीर छलफलपछि सङ्घीय सरकारका लागि ध्यानाकर्षण गर्न साझा धारणा आएको र त्यो दूरगामी महत्वको रहेको उनले बताए । त्यस्तै आज सम्पन्न राष्ट्रिय समन्वय परिषद्को बैठकले सर्वसम्मत केही महत्वपूर्ण निर्णय गरेको उल्लेख गर्दै उनले त्यसले संविधान कार्यान्वयनमा देखापरेका कतिपय समस्यालाई सम्बोधन गर्ने काम गरेको बताए । तीनवटै सरकारको बीचमा समन्वय गर्न र संविधान कार्यान्वयनलाई प्रभावकारी बनाउन बैठकका निर्णय दूरगामी महत्वका रहेका प्रधानमन्त्री दाहालले बताए ।

# गैरआवासीय मधेशी संघ कतारको महाधिवेसन सम्पन्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
गैर आवासिय मधेशी संघ कतारको पाँचौं महाधिवेसन भव्यतापूर्वक सम्पन भएको छ । कतारको अल दोसारी पार्कमा विहिबार सम्पन्न भएको संघ पाँचौ महाधिवेसनबाट ५४ सदस्यीय कमिटि समेत गठन गरिएको छ ।
गैर आवासिय मधेशी संघ अन्तर्राष्ट्रिय समितिको अध्यक्ष ईन्जिनियर शम्भु नाथ साहको संयोजकत्वमा गठित कमिटीद्धारा सर्वसम्मतिले ईन्जिनियर प्रमोद कुमार ठाकुरको नेतृत्वमा ५४ सदस्य एनआरएमए कतारको नेशनल कमिटी मनोनित भएको छ । निवर्तमान अध्यक्ष ईन्जिनियर विजय कुमार यादवको अध्यक्षतामा भएको सो कार्यक्रमको संयोजक निवर्तमान उपाध्यक्ष जितेन्द्र कुमार यादव रहेका थिए । गैर आवासिय मधेशी संघ कतारका निर्वाचत सम्पूर्ण पदाधिकारीहरुलाई प्रमुख अतिथि जनमत पार्टीका राष्टिय कोषाध्यक्ष ईन्जिनियर सुरेन्द्र नारायण यादवले विधिवत रूपमा सङ्गठन प्रतिको निष्ठा र गोपनीयताको सपथ ग्रहण गराएका थिए । कार्यक्रम लाई रोचक र मनोरञ्जनात्मक बनाउन अन्तराष्ट्रिय मिथिला कला संस्कृति र जनमत संस्कृति संघ अन्तराष्ट्रिय कलाकारले मञ्चमा विभिन्न सांस्कृतिक कार्यक्रम समेत प्रस्तुत गरेका थिए भने सहभागीहरुलाई मिथिला भोजन खुवाएर देशको याद ताजा गरिएको थियो ।
कार्यक्रममा जनमत पार्टीका राष्टिय कोषाध्यक्ष ईन्जिनियर सुरेन्द्र नारायण यादव, उपप्रमुख प्रत्यासी रहेकी पर्सा गाउँ पालिका सचिब अन्जु कुमारी साह,ईन्जिनियर राम देव राय,अन्तराष्ट्रिय प्रवक्ता ईन्जिनियर वीरेन्द्र कुमार साह,अन्तराष्ट्रिय सहकोषाध्यक्ष बद्रि यादव,अन्तराष्ट्रिय सदस्य परमहंस ठाकुर,अन्तराष्ट्रिय सदस्य मोहमद असगर अलि को उपस्थिती थियो ।

# हरेक परिवर्तनको नेतृत्व कांग्रेसले गर्दै आएको छ : मन्त्री




**रासस**
**लेखनाथ ।**
अर्थमन्त्री डा प्रकाशशरण महतले देशमा भएका सबैजसो परिवर्तनको नेतृत्व नेपाली कांग्रेसले गरेको बताएका छन् ।
नेपाली कांग्रेस गण्डकी प्रदेशद्वारा शनिबार पोखरामा आयोजित कार्यकर्ता भेटघाट कार्यक्रममा अर्थमन्त्री डा महतले भने, 'राणाशासनदेखि पञ्चायत हुँदै माओवादीलाई शान्ति प्रक्रिया ल्याइ सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी गर्ने काम कांग्रेसकै नेतृत्वमा भएको हो ।'
लामो इतिहास बोकेर आएको पार्टीका भएकाले उनले कार्यकर्तालाई विचलित नभइ सङ्गठित रुपमा अगाडि बढ्न सुझाव दिए । नेपालमा कांग्रेसले जति अरु कुनै पनि पार्टीले काम नगरेको उनको दाबी थियो । आफूले गरेका कामको प्रचारप्रसार गर्न नजानेकै कारण कांग्रेस पछि परेको भन्दै उनले नयाँ पार्टीले सानो काम गरे पनि सामाजिक सञ्जालबाट ठूलो बनाएर प्रचारप्रसार गर्ने गरेको आरोप समेत लगाए ।
कानूनी शासनमा विश्वास गर्ने पार्टी भएकाले नेपाली कांग्रेसप्रति आमजनताको विश्वास र भरोसा सधैँ आएको बताउँदै उनले कांग्रेसलाई बलियो बनाउन कार्यकर्ता एक ढिक्का हुन आग्रह गरे । 'निर्वाचनबाट कांग्रेस सबैभन्दा ठूलो पार्टी बन्यो, कार्यकर्ताले पनि कांग्रेसले नै सरकारको नेतृत्व गर्नुपर्‍यो भन्ने सुझाव दिने गरेका छन्', उनले भने, 'कांग्रेस एक्लैले बहुमत पुर्‍याउन नक्दा माओवादी केन्द्रलाई सरकारको नेतृत्व गर्न दिनु परेको हो ।' उनले वर्तमान निर्वाचन प्रणालीबाट कुनै पनि दललाई बहुमत ल्याउन कठिन हुने समेत बताए । उनले मुलुकमा आर्थिक उन्नती तथा समृद्धिका लागि जनता केन्द्रित कार्यक्रम आवश्यक रहेको बताए । जनता केन्द्रित कार्यक्रम नल्याएसम्म देशले विकासमा फड्को मान नसक्ने भन्दै उहाँले सोहीअनुसारको कार्यक्रम ल्याइएको बताए ।
'सीमित स्रोत र साधानले धेरै काम गर्नुपर्ने अवस्था छ, चालु आर्थिक वर्षमा राजस्व सङ्कलन कम भएकाले केही विकास निर्माणका काम यसवर्ष कटौती भएका छन्', उनले भने । सो अवसरमा मन्त्री महतले अर्थतन्त्रलाई चलायमान बनाउँदै लगेको र आफूले कृषि क्षेत्रलाई प्रोत्साहन गर्न अनुदानको व्यवस्था गरेको समेत भनाइ राखे ।

# सर्पबाट बच्न मन्त्रालयको आग्रह




**रासस**
**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्मी र बर्खायाम बढेसँगै मधेशमा सर्पदंशबाट बच्न आग्रह गरेको छ । मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले तराई क्षेत्रमा अहिलेको मौसममा सर्प देखिने भएकाले विषालु सर्पबाट जोगिन आग्रह गरेका छन् ।
राति हिँड्नुपरे टर्च लाइट लिएर हिँड्ने, जुत्ता वा गमबुट लगाउने, खुट्टा राम्ररी छोप्ने बाक्लो पाइन्ट लगाउने, घर वरपरको घाँस झारपात काटेर सफा राख्ने एवं जमिनका दुला टाल्ने गर्नुपर्दछ ।
यस्तै पराल, दाउरा आदि लिन जाँदा होसियारी अपनाउने, सुत्नुअघि ओछ्यान, खाटमुनि र वरपर राम्ररी हेर्ने, सधैँ झुल टाँगेर सुत्ने गर्न पनि आग्रह गरिएको छ ।

**सर्पले टोकीहाले के गर्ने**

सर्पले डसेको ठाउँलाई चल्न नदिई स्थिर राख्ने, सर्पले टोकेको ठाउँमा काट्ने, चुस्ने बाँध्ने नगर्ने तथा मल्हम, टोकेको ठाउँमा रासायनिक पदार्थ तातो-चिसो प्रयोग नगर्ने र बिरामीको आत्मविश्वास कायम राख्ने गर्नुपर्दछ ।यस्तै धामी-झाँक्रीतिर नलाग्ने, विष सोस्ने कुराको पछि नलाग्ने, सम्भव भएसम्म डस्ने सर्पको पहिचान गर्ने तर नमार्ने, जति सक्दो चाँडो अस्पताल वा सर्प उपचार केन्द्रमा बिरामीलाई पुर्याउनुपर्दछ ।

# खानेपानी उपलब्ध गराउन मन्त्री यादवको निर्देशन



**रासस**
**ललितपुर ।**
खानेपानी मन्त्री महिन्द्र राय यादवले उपभोक्तालाई सहजरुपमा खानेपानी उपलब्ध गराउन निर्देशन दिएका छन् ।
ललितपुर महानगरपालिका-१४, १५, २३ र २६ को खानेपानी सङ्घर्ष समितिले शनिबार यहाँ आयोजना गरेको बृहत् अन्तरक्रिया कार्यक्रममा मन्त्री यादवले स्थानीय बासिन्दालाई तत्काल मेलम्चीको पानी उपलब्ध गराउन काठमाडौँ उपत्यका खानेपानी लिमिटेडलाई निर्देशन दिए ।
उनले खानेपानीको सहज पहुँच आम जनताको नैसर्गिक अधिकार भएको उल्लेख गर्दै जनतालाई शुद्ध खानेपानी उपलब्ध गराउने सरकारको दायित्व भएको बताए ।
कार्यक्रममा सांसद डा तोसिमा कार्की, प्रदेशसभा सदस्य रघुनाथ महर्जन, खानेपानी मन्त्रालयका कर्मचारी, ललितपुर महानगरका प्रमुख चिरिबाबु महर्जन, काठमाडौँ उपत्यका खानेपानी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रबहादुर कार्की, मेलम्ची खानेपानी आयोजना कार्यान्वयन निर्देशनालय प्रमुख राजेन्द्र सापकोटा तथा स्थानीय प्रभावित बासिन्दा कार्यक्रममा सहभागी थिए ।

# सनलाइटमा कक्षा ११ को पढाइ हुने

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको नगवास्थित सनलाइट माध्यामिक विद्यालयमा चालु शैक्षिक सत्रदेखि कक्षा ११ मा व्यवस्थापन संकायको अध्यापन सुरु हुने भएको छ । विद्यालयले पत्रकार सम्मेलनको आयोजना गर्दै कक्षा ११ मा व्यवस्थापन संकायमा अध्यापन सुरु गर्न लागेको जानकारी दिएको हो ।
सनलाइट इएसएस प्लस टु म्यानेजमेन्टको अध्यापन यही शैक्षिक सत्रदेखि सुरु गर्न लागिएको विद्यालयका प्रधानाध्यापक आलोक चौरसियाले जानकारी दिए ।
विद्यालयले वैज्ञानिक र व्यावहारिक शिक्षाप्रणालीअनुसार कक्षा ११ को अध्यापन गराउने योजनाका साथ कक्षा सुरु गर्न लागेको जनाएको छ ।

# दलित भएको भन्दै घरबाट निकाल्ने घरबेटी पक्राउ

**रासस**
**तुलसीपुर ।**
दाङमा एक घरबेटीले दलित भएको भन्दै भाडाबाट निकालेपछि ती घरबेटीलाई प्रहरीले पक्राउ गरेको छ ।
जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी नायब उपरीक्षक राजन गौतमका अनुसार घरबेटी घोराही उपमहानगरपालिका-१७ दाङका ताराप्रसाद पोखरेललाई आज पक्राउ गरी अनुसन्धान थालिएको छ ।
पोखरेलको घरमा बसिरहेका पञ्चल देवल नपा-७ पुल्तोला अछाम हाल घोराही-१७ मा बस्दै आएका महेन्द्र विक र अदानचुली गापा-३ हुम्लाका अङ्गराज नेपालीलाई घर निकाला गरेको प्रहरीले जनाएको छ ।
'तिमीहरू कामी रहेछौं, घर बनाएदेखि दलितलाई छिर्न दिएको छैन । तिमीहरू घरमा आएदेखि म बिरामी छु भन्दै घरबाट निकालिदिए', पीडित महेन्द्र विककी श्रीमती शान्ति विकले भने ।
सोही घरमा परियारसंग तीन जना एउटा कोठामा बस्थे भने महेन्द्रको परिवार अर्को कोठामा बस्थे ।
शुक्रबार साँझ नै घरबेटीले त्यस्तो व्यवहार गरेको प्रहरीले बताएको छ ।
प्रहरीले जातीय छुवाछूतअन्तर्गत मुद्दा दर्ता गरी कारबाही गर्ने तयारी गरेको छ । घटना बाहिर आएपछि प्रेस सेन्टर दाङ, दलित पत्रकार सङ्घ दाङलगायत विभिन्न सङ्घसंस्थाले विज्ञप्ति जारी गरी विरोध जनाएका छन् । साथै दोषीमाथि कारबाहीको माग गरेका छन् ।

# बत्तीमुनिको अँध्यारोमा बागलुङको.............................

बेलढुङ्गा, सोलेडाँडा, भैरवस्थान, घकुण्डेमा आन्तरिक पर्यटकको चहलपहलसमेत बढ्दै गएको छ । कोरोनापछि जिल्लामा आन्तरिक पर्यटकको सङ्ख्या ह्वातै बढेको होटल व्यवसायी ललिता थापाले बताउनुभयो । अहिले जिल्लाका पर्यटकीयस्थलको अवलोकन भ्रमणका लागि पोखरा, चितवन, गोरखा, काठमाडौंलगायतका जिल्लाबाट बागलुङ आउने क्रम क्रमश बढ्दै आएको थापाको अनुभव छ । अहिले कालिका मन्दिर, पञ्चकोट र शालग्राम सङ्ग्रहालय परिसरमा अवलोकन भ्रमणमा भ्यानरसहितका थुप्रै सवारीसाधन देख्न पाइन्छ । कालिका मन्दिर, पञ्चकोट, लामो झोलुङ्गे पुल, शालग्राम सङ्ग्रहालयमा आन्तरिक पर्यटकहरु बढेका छन् । पछिल्लो समय आन्तरिक पर्यटक घरबासमा पुग्ने, हाइकिङ गर्ने तथा वनभोज जानेलगायतका कारण आन्तरिक पर्यटकीयस्थल चलयमान भएका हुन् । आन्तरिक पर्यटक थपिदै गएपनि बागलुङ नगरपालिकाले विदेशी पर्यटकहरु ल्याउन संस्थागत रुपमा पहल गर्ने बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले बताउनुभयो ।

**थपिँदै पर्यटकीय गन्तव्य**

बागलुङमा नयाँ पर्यटकीय गन्तव्य थपिने क्रम जारी छ । कोरोनाकहरपछि बागलुङमा लामो झोलुङ्गे पुल, शालग्राम संग्रहालय, पञ्चकोट, बुद्ध हिल, हाँडीकोट, सहस्रधारा झरना र गाईघाट झरनालगायतका क्षेत्र पछिल्लो समयमा चर्चा कमाएका पर्यटकीय गन्तव्य हुन् । कुश्मा र बागलुङलाई जोडेर निर्माण गरिएको विश्वकै अग्लो बन्जी पुलमा आन्तरिक पर्यटकले भरिभराउ हुने गरेको पाइन्छ । नयाँ पर्यटकीय गन्तव्यको प्रचारप्रसार र पूर्वाधारपछि चर्चामा आउन थालेको पर्यटन विकास समिति बागलुङका सचिव अर्जुन चोखालले जानकारी दिनुभयो । चोखालका अनुसार प्रविधिको प्रयोगका कारण पर्यटकीय गन्तव्यको प्रचार हुँदा आन्तरिक पर्यटकहरु आउन थालेको बताउनुहुन्छ । "टिकटकमा देखिएका दृश्यका कारण धेरै मानिस लामो झोलुङ्गे पुल आएको पाइयो, पछिल्लो समय सामाजिक सञ्जालका कारण एकाएक पर्यटकीयस्थल भाइरहल हुने जमाना आइसक्यो", चोखालले भन्नुभयो, "स्थानीय सरकारको रुपमा रहेका पालिकाले एक पालिका एक पर्यटकीयस्थलको रुपमा विकास तथा पूर्वाधार निर्माण थालेपछि पर्यटकीय गन्तव्य थपिदै गएको हामीले पाएका छौं ।"चोखालले बागलुङमा आन्तरिक तथा बाह्य पर्यटकको बसाई लम्ब्याउनका लागि पर्यटनमैत्री नीति तथा कार्यक्रम ल्याउन आवश्यक रहेको बताउदै बागलुङ जिल्लाको पर्यटन गुरु योजना नहुँदा समस्या भएको जानकारी दिनुभयो ।

**खड्किँदै तारे होटल**

बागलुङमा सुविधा सम्पन्न तारे होटल नहुँदा विदेशी तथा भिआइपी पाहुना आउने आँट गर्दैनन् । जिल्लामा विदेशी पर्यटक तथा भिआईपी पाहुना आइहाले पनि साँझ बस्न पोखरा नै पुग्नुपर्ने अवस्था छ । बागलुङ जिल्लामा हालसम्म कम्तीमा पनि एक सयजना अट्नसक्ने क्षमताको ठूलो होटल स्थापना हुन नसक्दासमेत पर्यटकहरु आकर्षित हुन नसकेको स्थानीय राम शर्माको भनाई छ । पर्यटन बोर्डले बागलुङलाई पर्यटकीय गन्तव्यको रुपमा राख्न नसक्दा विदेशी पर्यटक आउन नसक्नु मुख्य समस्या रहेको शर्माको भनाई छ ।राष्ट्रिय अन्तर्राष्ट्रिय कार्यक्रम गर्न, धेरै पाहुना राख्न र सेमिनार तथा गोष्ठी गर्नका लागिसमेत बागलुङमा उपयुक्त होटल तथा रिसोर्ट नभएको शर्माको भनाइ छ । बागलुङमा एउटा तारे होटल र एउटा सुविधासम्पन्न रिसोर्टको तत्कालै आवश्यकता देखिन्छ ।

**पर्यटनमैत्री घरवासको खाँचो**

जिल्लामा रहेका २८ वटा सामुदायिक घरबासमध्ये कतिपय घरबास नाम मात्रका छन् । यीमध्ये आधा दर्जन घरवास मात्रै पर्यटनमैत्री रहेका छन् । जिल्लाको पहिलो घरबासका रुपमा रहेको भकुण्डेको अतिथि घरवासमा मात्रै विदेशी पाहुना पुग्न थालेका छन् भने अन्य केही जिल्लाका आधा दर्जन घरवासमा मात्रै आन्तरिक पर्यटकहरु पुग्ने गरेका छन् । केही घरवासमा मात्रै स्थानीय तथा अर्गानिक खानाका परिकारको स्वाद तथा विभिन्न कला संस्कृति देखाउने गरकेका छन् भने केही घरवास नाम मात्रैका घरवासजस्ता छन् । घरवासहरु पूर्वाधार युक्त र पर्यटनमैत्री हुन आवश्यक रहेको पर्यटन व्यवसायीहरु बताउनछन् ।

**पर्यटकको छैन तथ्यात्त**

बागलुङमा हालसम्म भित्रने आन्तरिक तथा बाह्य पर्यटकको कुनै तथ्याङ्क छैन । पर्यटनसम्बन्धी खोज तथा अनुसन्धान गर्नका लागि समेत कुनै सन्दर्भ सामाग्री पाइदैन । जिल्लाका पालिका, पर्यटन विकास समिति तथा अन्य कुनै पर्यटनसँग सम्बन्धित सङ्घसंस्थाले हालसम्म जिल्लामा भित्रने पर्यटकको तथ्याङ्क नभएको पाइएको छ । नेपालको एक मात्र शिकार आरक्ष ढोरपाटन शिकार आरक्षभित्र प्रवेश गर्ने विदेशी तथा स्वदेशी पर्यटकहरुको मात्रै जिल्लामा तथ्याङ्क छ । यस वर्ष ढोरपाटन शिकार आरक्ष क्षेत्र घुम्नका लागि नौ हजार स्वदेशी तथा विदेशी पर्यटक पुगेको ढोरपाटन शिकार आरक्षको कार्यालयले जनाएको छ ।

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धार्मिक कार्य तथा सभासमारोहमा सहभागी भईएला,मनमा शान्ति प्राप्त हुनाले शुभ कार्य गरिएला।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मित्रहरुसँग रमाइलो भेटघाटले आजको दिन सुखसाथ बित्ला, नाँचगान तथा बैवाहिक कार्यहरुमा सहभागी भईएला ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
विभिन्न प्रकारका आभुषण प्राप्त हुनसक्छ , पुजापाठ वा धार्मिक कार्यमा सहभागी भईएला।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
ठेक्कापट्टा तथा चिठ्ठाबाट लाभ होला, आजको दिन तपाईंको बोलिको प्रभावबाट बिग्रेका कामहरु बढ्लान् ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
पुजा आराधना तथा देवालयमा समय बित्नेछ, मान,सम्मान ,प्रतिष्ठा तथा कार्यकुशलतामा वृद्धि होला ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आकस्मिक लाभका कारण मन प्रसन्न रहला। परिवारमा नयाँ सदस्यको आगमनले गर्दा घर परिवारमा रमाइलो हुनेछ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
मध्यान्ह पछि भने कुनैपनी स्थानको व्यर्थपुर्ण यात्रा होला, होशियारि अपनाउनु होला।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आजको दिन दाजुभाइ तथा बन्धुबान्धवहरुबाट सुख प्राप्त हुनेछ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो पराक्रमको कारणले उन्नति तथा प्रगति होला, कुनै उच्च पदस्थ व्यक्तिसँगको भेटले मनमा उत्साह आउनेछ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
तपाईंको कार्य कुशलता तथा नेतृत्व क्षमता बढ्नेछ, कुनै पनि निर्माण सम्बन्धि कार्यहरु शुभ होला ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
दिउँसोबाट भने स्वासप्रस्वास सम्बन्धि समस्या आउनसक्छ। कुनै लेखन तथा साहित्यिक कार्यमा मन जाला ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
धेरै समयपछि पुत्र तथा सन्तानको आगमनले परिवारमा खुसियाली छाउला।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँभझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

# २ वर्षीया छोरीसहित आमाको शंकाष्पद मृत्यु

## श्रीमान र ससुरा फरार



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको मौलापुरमा गत शुक्रबार आमा छोरीको हत्या भएको सम्बन्धमा रौतहट प्रहरीले अनुसन्धान गरिरहेको छ ।
मौलापुर नगरपालिका वडा नम्बर ४ पतौरा गाउँकी २४ वर्षीया कविता देवी र उनकी दुई वर्षीया छोरी आरुही शुक्रबार राति घरमै मृतावस्थामा शव फेला परेका थिए ।
आरुहीको शव पत्तामा झुन्डिएको तथा कविताको शव घरबाट बाहिरिने सिँढीमुनि फेला परेको प्रहरी प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक उमाशङ्करप्रसाद यादवले बताए ।
उनले जनाएअनुसार मृतक कविताका श्रीमान धिरेन्द्र साह र ससुरा नागेन्द्र साह घटनापछि फरार छन् । कविताकी सासू र जेठानीलाई प्रहरीले नियन्त्रणमा लिइ अनुसन्धान भइरहेको छ ।
कविताकी माइती पक्षले दाइजोको निहुँमा उनको हत्या गरिएको आरोप लगाएको छ ।
उनको माइती माधवनारायण नगरपालिका वडा नम्बर ५ स्थित मिठुअवा गाउँ हो ।
कविताका बुबा विजयशङ्कर साहले घटना थाहा पाउनासाथ आफू छोरीको घर पुग्दाँ आफूले छोरी र नातिनीको शव हेर्नसमेत धेरै बेरपछि पाएको बताए । उनले छोरी र ज्वाइँबीच पटक पटक विवाद हुने गरेको थियो । प्रहरीले घटनाको अनुसन्धान गरिरहेको जनाएको छ ।

# चोरीको आरोपमा ७ पक्राउ



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटमा बैंकको खातामा रकम चोरी गरेको आरोपमा ७ जना पक्राउ परेका छन् ।
जिल्लाको चन्द्रपुर नगरपीलका ४ स्थित माछापुच्छे बैंक चन्द्रनिगाहपुर शाखाको खाताबाट सेवाग्रहीको रकम चोरी गरेको आरोपमा रौतहट प्रहरीले ७ जनालाई पक्राउ गरेको हो ।
पक्राउ पर्नेहरुमा पर्सा वीरगंज महानगरपालिका वडा नम्बर १६ स्थित नगवाका २१ वर्षीय राज नारायण चौरासिया, वडा नम्बर १९ स्थित केहुनी विन्दाबासनीका २१ वर्षीय महम्द मुस्तुफा हवारी, दोलखा बैदेश्वर गाँउपालिका वडा नम्बर ५ स्थित सिमबारी टोलका २९ वर्षीय सुन्दर खड्का, काभ्रेपलान्चोक भुम्लु गाउँपालिका वडा नम्बर ९ स्थित पिङ्गोलाका १९ वर्षीय महेश थापा, उदयपुर रौउतामाई गाउँपालिका वडा नम्बर २ स्थित भुट्टारका २० वर्षीय केवल रास्कोटी, सिरहा मिर्चैया नगरपालिक वडा नम्बर ८ स्थित भगवानपुरका १९ वर्षीय दिपे सदा र २३ वर्षीय श्रवण दास रहेका छन् ।
उनीहरुले बृन्दावन नगरपालिका वडा नम्बर ३ बस्ने रामेश्वरराय यादवको खाताबाट गत जेठ ५ गते गैरकानुनीरुपमा ९ लाख रुपैयाँ ट्रान्सफर गरेका थिए ।
यादवको माछापुच्छे बैंकको खाता नम्बर ०७५००६५३८२८०००१४ मा रहेको ९ लाख रकम जेठ ५, ६ र ७ गते दैनिक ३ लाख रुपैयाँका दरले अन्य बैंकको खाता र खल्ती सेवामा अनधिकृत रुपमा रकम ट्रान्सफर गरी ठगी गरेको प्रहरीको अनुसन्धानबाट खुलेको छ ।
इलाका प्रहरी चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक एकनारायण कोइरालाले जनाएअनुसार उनीहरूले पीडित व्यक्तिको बैंक खातामा पहुँच पुऱ्याएर विभिन्न व्यक्तिको खातामा अनधिकृत रुपमा रकम ट्रान्सफर गरेका थिए ।
प्रहरी नायब उपरीक्षक कोइरालाले पक्राउ परेकाहरुले विभिन्न व्यक्तिलाई आर्थिक प्रलोभनमा पारी खाता खोल्न लगाई खातावालाको मोबाइलमा अनलाइन बैंकिङको यूजर नेम र पासवर्ड समेत लिएर खाताबाट रकम ट्रान्सफर गरेको अनुसन्धानमा खुलेको बताए ।
माछापुच्छे बैंकबाट यादवको रकम निकालेको घटनामा ११ जना संलग्न रहेको पनि प्रहरीको अनुसन्धानमा खुलेको छ ।
जसमध्ये ७ जनालाई पक्राउ गरिएपनि ४ जना अझै फरार रहेको प्रहरीले जनाएको छ ।
पक्राउ परेकाहरुबाट रौतहट प्रहरीले मोबाइल ६ थान, विभिन्न व्यक्तिहरुको विभिन्न बैंकको एटीएम १५ थान, मोटरसाइकल १ थान र ६६ हजार नगद रकम बरामद गरेको जनाइएको छ । पक्राउ परेकाहरुले सेवाग्राहीको ओटीपी नम्बर फेला पारी रकम निकालेको प्रहरीको अनुसन्धानमा खुलेको जनाइएको छ ।

# ट्राफिक इन्स्पेकटर कठायत सम्मानित




**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटकी प्रमुख इन्स्पेक्टर बिमला कुमारी कठायत सम्मानित भएकी छन् । जिल्ला ट्राफीक प्रहरी कार्यालय रौतहटकी प्रहरी निरीक्षक कठायतलाई शनिबार धनुषाको ढल्केवरमा एक समारोह बीच नाडाका अध्यक्ष डाक्टर ध्रुब थापा, अटमोवाईलस एसोसिएसनका अध्यक्ष केदार अग्रवाल र प्रदेश ट्राफिक प्रहरी उपरीक्षक सन्तोष कुमार भट्टराईले संयुक्तरुपमा १० हजार रुपैयाँ नगद र कदरपत्रबाट इन्स्पेक्टर कठायतलाई सम्मानित गरिएको हो ।
इन्स्पेक्टर कठायत ट्राफिक सेवामा रही पुऱ्याएको विशेष योगदानको उच्च मूल्याङ्कन सहित नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थान कार्यालय पथलैया बाराका प्रहरी उपरीक्षक सन्तोष कुमार भट्टराईले उक्त पुरस्कारका लागि कठायतको नाम सिफारिस गरेको थियो ।
मधेश प्रदेशमा प्रत्येक वर्ष ट्राफिक प्रहरीमा उत्कृष्ट हुने ३ जनालाई सम्मानित गर्दै आएको छ ।
यस कार्यक्रममा इन्स्पेक्टर कठायतसँगै प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैयामा कार्यरत रहेका असइ दिपक कुमार बस्नेत र पर्सा ट्राफीक प्रहरीमा कार्यरत्त सहायक हवल्दार राजकुमार कलवारलाई नगद तथा कदरपत्र बाट सम्मानीत गरेको छ ।
यस कार्यक्रममा मधेश प्रदेशका उच्च स्तरका ब्यापारी तथा प्रहरी प्रमुखको सहभागीता रहेको थियो ।


# भारीमात्रामा गाँजा बरामद



**मधेशदृष्टि**
**बारा ।**
बारा प्रहरीले ठूलो परिमाणमा लागूऔषध गाँजा बरामद गरेको छ ।बाराको जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर ७ स्थित जितपुर-वीरगन्ज सडक खण्डमा पार्किङ गरी राखेको भारतीय नम्बरको ट्रकबाट २६२ किलो गाँजा बरामद गरिएको हो । इलाका प्रहरी कार्यालय सिमरा र प्रहरी चौकी पथलैयाबाट खटिएको प्रहरी टोलीले ट्रकमा खानतलासी गर्दा सो परिमाणको गाँजा बरामद भएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्तासमेत रहेका प्रहरी नायव उपरीक्षक होबिन्द्र बोगटीले जानकारी दिए ।
असार १४ मा मकवानपुरबाट वीरगन्जतर्फ जाँदै गरेको ट्रक चालकले जितपुर-वीरगन्ज सडकमा पार्किङ गरी राखेका थिए ।
बिआर-२५ जिए १४५८ नम्बरको ट्रकको छतभन्दा तलको भागमा गाँजा कारोबारीले फल्ट बटन बनाएर गाँजा लोड गरेका थिए ।
वीरगन्ज भन्सारबाट खाली नेपालतर्फ आएको सो ट्रक गाँजा लिनकै लागी मकवानपुर पुगेको प्रहरीको अनुसन्धानबाट पत्ता लागेको बारा प्रहरीले जनाएको छ । ट्रक चालक र सवारी धनीको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

# प्रशासन कार्यालय सर्लाहीमा बिचौलियाको प्रवेश निषेध




अत्यन्त जरुरी सूचना ।

नेपाल नागरिकता ऐन, २०६३ लाई संसोधन गर्न बनेको नेपाल नागरिकता (पहिलो संसोधन) ऐन, २०७९ बमोजिम जन्मको आधारमा नागरिकता लिएका सन्ततीका लागि नयाँ नागरिकता प्रदान गर्ने शिलशिलामा कार्यालयमा सेवाग्राहीको अत्याधिक भिडको फाइदा उठाई सेवाग्राहीहरुबाट अनुचित रकम लिने गरेको गुनासो प्रति यस कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ । कार्यालय परिसर भित्र बिचौलियालाई प्रवेश गर्न पूर्णरुपमा निषेध गरिएको हुँदा कार्यालय परिसरमा प्रवेश गरी कसैले अनुचित लाभ उठाउन दुष्प्रयास गरेको पाइएमा शान्ति सुरक्षा अपराध विरुद्धको मुद्दा चलाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ । यस प्रकारको अनुचित लाभ लिने हर्कत गरेको भेटिएमा सिधै प्रमुख जिल्ला अधिकारीको मोबाइल नं. ९८५४०७७७७७ वा सहायक प्रमुख जिल्ला अधिकारीको मोबाइल नं. ९८५४०३८०४५ मा सम्पर्क गरी जानकारी गराउनु हुन समेत अनुरोध छ ।

नोट: Token प्राप्त गरेका सेवाग्राहीहरुलाई मात्र सेवा प्रवाह गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

मिति: २०८० असार १४ गते

इन्द्रदेव यादव
प्रमुख जिल्ला अधिकारी

**मधेशदृष्टि**
**सर्लाही ।**
जिल्ला प्रशासन कार्यालय सर्लाहीले कार्यालय भित्र विचौलियालाई प्रवेश निषेध गरेका छन् ।
सर्लाहीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले कार्यालय परिसरभित्र बिचौलियालाई प्रवेश निषेध गरेका हुन् ।
प्रमुख जिल्ला अधिकारी यादवले कार्यालय परिसरभित्र विचौलियालाई प्रवेश गर्न पूर्णरुपमा निषेध गरिएको बताए ।
प्रमुख जिल्ला अधिकारी यादवले कार्यालय परिसरमा प्रवेश गरी कसैले अनुचित लाभ उठाउने दुष्प्रयास गरेको पाइएमा शान्ति सुरक्षा अपराध विरुद्धको मुद्दा चलाइने चेतावनीसमेत दिएका छन् ।
नेपाल नागरिकता ऐन, २०६३ लाई संसोधन गर्न बनेको नेपाल नागरिकता (पहिलो संसोधन) ऐन, २०७९ बमोजिम जन्मको आधारमा नागरिकता लिएका सन्ततीका लागि नयाँ नागरिकता प्रदान गर्ने शिलशिलामा कार्यालयमा सेवाग्राहीको अत्याधिक भिडको फाइदा उठाई सेवाग्राहीहरुबाट अनुचित रकम लिने गरेको गुनासोप्रति जिल्ला प्रशासन कार्यालय सर्लाहीको गम्भिर ध्यानाकर्षण भएको सूचनामा उल्लेख रहेको छ ।
प्रमुख जिल्ला अधिकारी यादवले यस प्रकारको अनुचित लाभ लिने हर्कत गरेको भेटिएमा सिंधै प्रमुख जिल्ला अधिकारी वासहायक प्रमुख जिल्ला अधिकारीको मोबाइलमा सम्पर्क गरी जानकारी गराउनु समेत अनुरोध गरेका छन् ।

# हुलाकी सडक खण्डमा सिसि क्यामेरा जडान



**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको नवलपुर-मलंगवा हुलाकी सडकखण्ड अर्न्तगत हरिपुर नगरपालिका वडा नम्बर २ र ६ मा नाईट भिजनसहितको सिसिक्यामेरा जडान गरिएको छ । नवलपुर-मलंगवा हुलाकी सडकखण्ड अर्न्तगत हरिपुर नगरपालिका वडा नम्बर २ स्थित हरिपुर बजारमा एक र हरिपुर नगरपालिका वडा नम्बर ६ स्थित लक्ष्मीपुरमा एक गरी दुई वटा नाइटभिजन सिसिक्यामेरा जडान गरिएको इलाका प्रहरी कार्यालय हरिपुरका प्रहरी निरीक्षक विजय कुँवरले जानकारी दिए ।
यस हुलाकी सडकखण्डमा पछिल्लो समय तिव्ररुपमा दुर्घटनामा वृद्धि हुन थालेपछि इलाका प्रहरी कार्यालय हरिपुरका प्रहरी निरीक्षक कुँवरको पहलमा हरिपुर नगरपालिकाले दुई वटा नाइटभिजन सिसिक्यामेरा जडान गरेको बताए ।
यस सडकखण्डमा विभिन्न खाले गतिविधि तथा दुर्घटना भइ सवारी साधनहरु फरार हुँदा प्रहरीलाई निकै सास्ती हुने गरेको थियो ।
वडा कार्यालयहरु र नगरपालिकासँग आवश्यक समन्वय गरी नाइटभिजन सिसिक्यामेरा जडान गरिएको उनले बताए ।


## झाडापखाला लागेपछि त्यसबाट बच्ने उपाय



मौसममा आएको परिवर्तनले शरीरको तापक्रम सन्तुलन हुन नसक्दा र हामीले खाने खाना र पानीमा ध्यान नदिदा झाडापखाला लाग्ने गर्छ। गर्मीमा खाना छिट्टै बिग्रने र लामो समय राख्दा ढुसी पर्ने र नमिठो बास्ना पनि आउँने हुन्छ। भोक लाग्यो भन्दैमा जस्तो पायो त्यस्तै खाना खानाले स्वास्थ्य बिग्रने गर्छ। त्यस्तै पाचन शक्तिले पचाउन नसक्ने खानेकुरा खाएमा पनि यो रोग लाग्छ। अति धेरै भयो भने हाम्रो शरिरले पचाउन सक्दैन। शरीरलाई अनावश्यक अथवा अति धेरै तेलमा तारेका खाना जस्तै तारेको भुटेको मासु, भट्मास खानुहुँदैन। त्यस्तै धेरै नुनिलो, धेरै पिरो र मसलायूक्त खानेकुरा नखादा बेश हुन्छ।

**झाडापखाला लागिहालेमा के खाने त ?**
१) जीवनजलको पानी सकेसम्म पिउने।
२) भात, दाल, दही अथवा नरम खाना खाने।
३) झोलिलो पदार्थ जस्तै नरम दाल, गेडागुडिको रस र फलफूलको जुस खानुपर्छ।
४) कागती, अनार, मौसम, सुन्तलाको रस जस्ता रसिला काँक्रो, पाकेको मेवा खानेकुराले फाइदा गर्छ।
५) जीवनजल नभएको खण्डमा एक चम्चा चिनी र एक चिम्टी नुन उमालेको पानीमा मिलाएर पिउन सकिन्छ।

**के के नखाने ?**
फोहोर खाना र दुषित पानी रोगका कारण भएकाले विरामी मात्र होइन स्वस्थ व्यक्तिले पनि खानु हुँदैन। तनाव र थकान हटाउँन भन्दै रक्सी पिउनु राम्रो होइन। त्यसमाथि बिरामीले खानै नहुँने कुराहरु
१) बिरामीले रक्सी, चिया, कफी र दुध नखादा बेस हुन्छ।
२) यदी फ्रिजमा राखेको खानेकुरा छ भने बाहिर निकाल्ने वित्तिकै नखाने। तथा बासी, सडेगलेका खानेकुराहरु नखाने।
३) तेलमा तारेका खाना, अमिलो अचार, आलु, भान्टा गोवी पनि नखाने। तथा झिंगा बसेको र नछोपिकन राखेको खानेकुरा नखाने।







## क्षयरोगबाट बच्ने उपाय




नेपालमा हाल नयाँ र पुराना गरी ९० हजार क्षयरोगी छन्। आर्थिक वर्ष २०७२/७३ मा ३२ हजार ३ सय ७९ र २०७३/७४ मा ३१ हजार ७६४ जना उपचाररत् छन्।विश्वमा एक तिहाइ जनसंख्यामा क्षयरोगको ब्याक्टेरिया सुषुप्त अवस्थामा हुन्छ। नेपालमा डेढ करोड मानिसमा सुषुप्त रूपमा क्षयरोगको कीटाणु रहेको अनुमान गरिएको छ। क्षयरोगको कीटाणु सुषुप्त अवस्थामा रहेमा यसलाई लेटेन्ट ट्यूबरक्लोसिस (क्षयरोग) भनिन्छ। सन् २०३५ सम्म नेपालबाट क्षयरोग अन्त्य गर्ने लक्ष्य लिए पनि नेपालमा क्षयरोगका कारण हरेक दिन १८ जनाको ज्यान जाने गरेको छ।



**लक्षणहरू**
- तौल कम हुने र खाना मन लाग्ने
-छाती दुख्ने
-ज्वरो आउने
-राति धेरै पसिना आउने
- औषधि सेवनपछि खोकी ठीक नहुनु

**बच्ने उपाय**
- दुई साताभन्दा बढी समय खोकी लागेमा तुरुन्तै चिकित्सकका जाने
- संक्रमित व्यक्तिको सम्पर्कबाट टाढा रहने
- भीडभाडमा मास्क प्रयोग गर्ने
- धेरै खोकी लागेमा वा खकारमा रगत देखिएमा तुरुन्तै खोकीको जाँच गर्नुपर्ने
- पर्याप्त मात्रामा पोसिलो तथा झोलिलो पदार्थ सेवन गर्ने

## कालाजारबाट बच्ने उपाय



खेतबारीमा काम गर्दा, वनजंगलमा घाँस-दाउरा गर्दा, खोला, ताल, पोखरी वरिपरि काम गर्दा, माछा मार्दा स्यान्ड फ्लाइ नामक भुसुनाले मानिसलाई टोक्ने सम्भावना धेरै हुन्छ। लामखुट्टेले टोक्ने बित्तिकै कालाजार लाग्ने होइन। तर सचेत भने हुनु आवश्यक छ। यसका लक्षण र बस्ने उपाय विभिन्न रहेका छन्। यसलाई अवलम्बन गर्न सकिन्छ।

**कालाजारका लक्षण**
- ज्वरो आउनु,
-तौल घट्नु,
- थकान महसुस हुनु/कमजोरी महसुस,
- रक्तअल्पता हुनु,
- कलेजो लगायतका भित्री अंगको आकारमा वृद्धि हुनु,
- कलेजो ठूलो भएर पेट फुल्ने हुनु,
- छालामुनी फोका उठेर छालाको तहमा घाउ बन्ने,
- घाँटी तथा काखीका ग्रन्थी सुन्निने,
- रगतको कमी हुने र रक्तअल्पताले बिरामीको अनुहार फुस्रो, पहेंलो देखिने हुन्छ।

**कालाजारबाट बच्ने उपाय**
- पहिलो बच्ने उपाय भनेको लामखुट्टेको टोकाइबाट नै बच्ने हो,
- यो भुसुना वा लामखुट्टे धेरै सक्रिय हुने भनेको बिहान बेलुकाको समय भएकोले सकेसम्म यो समयमा बाहिर ननिस्कने तथा शरीर पुरै ढाक्ने खालका कपडा लगाउने,
- झ्याल ढोकामा जालीको प्रयोग गर्ने जसले गर्दा भुसुना लामखुट्टे लगायतका परजीवीहरू भित्र छिर्न पाउँदैनन्। घर वरिपरि चारैतिर सफा सुग्घर राख्नुपर्छ।
- सुत्ने कोठा वा आफू दैनिक रूपमा विश्राम गर्ने स्थानमा किरा मार्ने विषादी छर्कने गर्दा पनि यो रोगबाट जोगिन सकिन्छ। झुलको प्रयोग गर्ने।
- स्यान्ड फ्लाई भुसुना (लामखुट्टे) भुइँतलामा बढी बस्ने र नौ फिट भन्दामाथि राम्रोसँग उड्न नसक्ने हुँदा सम्भव भएसम्म सबै मानिस माथिल्लो तलामा सुत्नुपर्छ।
- सम्भव भएसम्म किरा मार्ने औषधिमा (किटनाशक भएको पाइरिथ्रोइड) डुबाइएको वा औषधि छर्किएको झुलको प्रयोग गर्ने गर्दा पनि कालाजारबाट बच्न सकिन्छ।

**स्वास्थ्य कार्यालय, धनुषा**
जनकपुरधाम, मधेश प्रदेश, नेपाल

राजनीतिमा थकाइ भन्ने शब्दावली हुन्न।

- मदन भण्डारी

## सम्पादकीय

# रोपाइँमा कमी समस्या बढोत्तरी

मधेश प्रदेशमा यसवर्ष जम्मा ८ प्रतिशत रोपाइँ भएको छ। उसो त पर्सा जिल्लामा ८ प्रतिशत पनि रोपाइँ भएको छैन । यो तथ्यांकले मधेशका ९२ प्रतिशत खेतीयोग्य जमीनमा रोपाइँ हुनसकेको छैन। यसको मूल कारण हो, पानीको स्रोतमा किसानको सहज पहुँच छैन । पहुँच नभएकाले आकाशे वर्षा कुरेर बसेका किसानहरु असार १५ अर्थात् रोपाई दिवसमा पुग्दासम्म पानीको आसा गरिरहेका छन् । आकाशे पानी नदर्किएसम्म रोपाइँको सम्भावना नभएकाले यो एउटा विकराल समस्या बनिरहेको अहिले नै सबैले अनुभूत नगरे पनि असारको तेस्रो सातामा पनि रोपाइँ नहुनु तराई मधेशको चिन्ताको विषय बन्नु पर्छ । पानीको स्रोत व्यवस्थापन भएन भने किसानहरुले रोपाइँको रहर गर्न सक्छन्, रोपाइँ नहुने सम्भावना प्रबल रहन्छ भन्ने विषयलाई हामीले फेरि पनि पानीकै उपलब्धतासँग जोड्न जरुरी छ। पानी उपलब्धतामा यसरी नै संकटको बादल मडारिने हो भने अनिकाल पर छैन, हामी धान उत्पादनमा समस्या खेपिरहेको हुने छौँ भनेर सोच्ने बेला चैँ भएको छ।

मधेशका फाँटहरुमा धान फल्ने हो । त्यही सुनौला उत्पादनले देशभरको भोक टार्ने हो। पछिल्लो समय देश धान पनि आयात गर्ने अवस्थामा पुगेको छ। पहाडका कयौँ भूगोलमा धान फल्ने फाँटहरु घडेरी बने । कयौँ उर्वर खेत घडेरी बन्दा धान भने हामी भारतको भर पर्नु पर्ने अवस्थामा छौँ । भारत आफैँ फेरि सिञ्चाइँको समस्या भोगिरहेको छ। समाचार आएको छ कि, यो बेला नहर निर्माणको मुद्दा देखाएर भारतले नहरमा पानी नछाड्दा नेपाली सीमावर्ती गाउँहरुमा पानी वितरण नहुँदा रोपाइँ प्रभावित भएको छ। यो समस्याले पक्कै पनि हामी सबैको मन चसक्क भएको हुनुपर्छ। यतिखेर नहर निर्माणको बहानामा पानी रोकिनु भनेको भारत आफैँ पानीको हाहाकार खेपिरहेको छ । त्यसैले पानीको समस्या नभनेर उसले नहरको समस्या देखाएको छ । तर नेपालमा भने वर्षा ढिलो हुँदा रोपाइँ प्रभावित भएकै छ। यसवर्ष अनुमान गरिएको छ कि, ३५ प्रतिशत वर्षा कम हुन्छ। यसले पक्कै रोपाइँ अरु प्रभावित हुने वाला छ। अन्न उत्पादनमा लगातार ह्रास भइरहेको अवस्थामा यसपटक महत्वपूर्ण उत्पादन हुनु पर्ने अर्थात् नेपालीको हातमुख जोड्ने पहिलो उत्पादन धानकै उत्पादन घट्नु अरु दुःखदायी हो।

समयमा मल नपाउनु, किसानले बिउ नपाउनु हाम्रो राष्ट्रिय समस्या हो। हुँदा हुँदा समयमा वर्षा पनि हुन सकेको छैन । यसमाथि भारतले नहरबाट आउने पानीमा पनि समस्या देखाएर पानी वितरण रोकिरहेको छ। अर्कातिर हाम्रा उर्वर खेतहरु प्लटिङ भएका छन्। आधुनिक बस्ती विकास भएको छ। तर खाने अनाज भने उत्पादन घटिरहेको छ। प्रकृतिले पनि साथ दिएको छैन। प्रकृतिले पनि साथ नदिएका बेला हामी अनाज उत्पादनमा कसरी पछि परिरहेका छौँ । यो अवस्थालाई अहिलेदेखि नै गम्भीर ढंगले अन्वेषणमा लागेनौँ भने आगामी दिनहरु अरु सकसपूर्ण हुनेमा शंका छ र ?

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कृति समिक्षा.......

# जर्ज बर्नाड शाको 'पिगमेलियन' नाटक

"**जर्ज बर्नाड शा** :- २६ जुलाई १८५६ मा आयरल्यान्डको डब्लिनमा जन्मेका अङ्ग्रेजी भाषा का प्रसिद्द् साहित्यकार , बिश्लेषक एवं समालोचक । समाजिक समस्यामा आधारित ६० भन्दा बढि नाटक का रचनाकार शा, समसामयिक बिषयमा उन्ले लेखेका विचार प्रधान लेख हरूका कारण उत्तिकै प्रसिद्ध छन। ९४ वर्षको उमेरमा – २, नोभेम्बर १९५० मा स्वर्गिय भएका 'शा' कट्टर समाजवादी हुनाका साथै समाज सुधार कार्यमा समर्पित ब्यक्तित्व थिए|उनी विश्व प्रसिद्ध "लन्डन स्कूल अफ इकोनोमिक्स" ( London School of Economics) का सह संस्थापक हुन।
सन १९२५ का नोबेल पुरस्कार(साहित्य) बिजेता 'शा' सामान्य जीवन यापनमाविश्वास गर्द्थे त्यसैले उन्ले पुरस्कार रकम भने स्वीकारेनन| नोवेल पुरस्कार र चलचित्र का लागि प्रदान गरिने 'ओस्कार' पुरस्कार प्राप्त गर्ने उनी एक मात्र व्यक्ति हुन।"



● उदय कुमार यादव


(नेपाल प्रज्ञा प्रतिष्ठान,साहित्यकार)

वास्तवमा विश्वको इतिहासमा अंग्रेजी साहित्यको पनि उल्लेखनिय स्थान रहेकोछायस क्षेत्रमा कलम चलाउने धेरै भन्दा धेरै नामी तथा ख्याति प्राप्त व्यक्तित्वलाई विश्व प्रसिद्ध नोवेल पुरस्कारबाट पुरस्कृत गरी सम्मानित गरिएकोछायस्तै व्यक्तित्व मध्ये एक जना महान साहित्यकार जर्ज बर्नाड शा पनि रहेका छन्।यिनी नर्वेका महान साहित्यकार हेनरीक ईब्सैन बाट नै बढि प्रेरित र प्रभावित थिए।यिनलाई अंग्रेजी साहित्यमा रीयलिस्टीक अर्थात् यर्थाथवादी धाराका साहित्यकारमा गिन्ति गरिन्छ।यिनले लेखेका केहि ख्याति प्राप्त नाटकहरुका नाम लिद आर्मस एण्ड दिमैन,मैन एण्ड सुपर मैन,बैक टु मेथुशैला,सीजर्स एण्ड क्लीओपेटरा,माय फियरलेडी र पिगमेलियन,मिस पियर्स र वीडोस हाउसज
आदि पर्दछन्।

यिनले साहित्य विधामा गरेका महान योगदान लाई कदर गर्दै यिनलाई पनि १९२५तिरका नोबेल प्राईज बाट नै सम्मानित गरिएको थियो।अब कुरा गरौ यिनी द्धारा लेखिएका लोकप्रिय नाटक पिगमेलियनको।सर्वप्रथम यो नाटक ग्रीक पौराणिक(ग्रीक मीथोलजी)कथामा आधारित रहेकोछ,जसमा एउटा महान मुर्तिकार(स्कलप्टर)पिगमेलियनले आफैद्धारा निर्मित सुन्दर मुर्ति(गलेशिया) सित मायाप्रिती बूसे पछि,मुर्ति पनि जिवित भएर पिगमेलियन संग सुमधुर प्रेममा, यानेकी कंजुगल लवमादुवै जनाको प्रेममा कथा टुंगिन्छ। तर ग्रिक मैथोलोजी यानेकी ग्रीक पौराणिक कथाको विपरीत बर्नाड शाको कथाको विषय वस्तु टुंगिन्छ।विषय जति मिले पनि अन्त्य चांहि बिलकुल फरक र रहस्यमय तरिकाबाट टुंगिन्छ। पिगमेलियन नाटक यति लोकप्रिय भएकोछ कि विश्वका धैरै प्रसिद्ध यूनिभर्सिटीमा प्रेसक्राईब गरिएकोछ।लण्डन देखि न्युयोर्क सम्म यसको मंचन भएकोछ।यस नाटकको प्रमुख विषय वस्तु अंग्रेजी भाषा शिक्षण तर रोमान्टिक लव अनि यर्थाथ् लव बीच कति फरक हुंदा रहेछ भने दोश्रो विषय रहेकोछ।हुनत यसकृतिले त्यतिबेलाको भिक्टोरीयन ऐराका संस्कृति तथा चालचलनको स्पस्ट दृष्यहरु प्रस्तुत गरिएकोछ।यो नाटकमा जम्मा पांच पार्टमा विभाजित रहेकाछन।नाटक लण्डनका एउटा चर्च नजिकैको दृष्यबाट शुभारम्भ हुन्छ जहां रातिको समयमा पानी परिरहेको हुन्छ।यांहा एउटी हाईक्लास लेडी एन्सफोडले आफ्ना छोरा फ्रेडीलाई टैक्सी ल्याउन पठांउछिन्।त्यस ठीटाले यति हतारमा हिंड्छन कि एउटी फुल बेचीरहेकी केटी एलीजा डुलीटील लाई ठोकीदिन्छ,जुन यस नाटकका प्रमुख पात्र छिन्।एलिजा फ्रेडीलाई धेरै हकार्छिन्।यतिकैमा एक जना बटुवाले एलिजालाई बताउंछिन् कि उसलाई कोहि वाच गर्दैछन्। उनी झसंग भई ती मान्छे जासुस नजिक पुगेर केहि जिज्ञासा राख्ने ईच्छा जताउंछिन् कि केहि गलती बापत उसले किन वाच गर्दैछन उनलाई ?त्यो वाच गर्ने मान्छे अरु कोहि नभएर नाटकका प्रुखपात्र या भनौ नाटककारका माउथ स्पिकर प्रोफेसर हिंगिस हुन,जो फोनेटिक्सका वैज्ञानिक हुन।उनि ती फुल बेच्ने केटि एलिजाको भाषा नोट गरिराखेकाछन्,जसलाई कोकनी डायलेक्ट पिछरावर्गको भाषिका भनिन्छ।वैज्ञानिक हिंगिसले चैलेन्ज गर्छन् कि उनले कसैको पनि बोली सुनेर वताउन सक्नुहुन्छ कि त्यो मान्छे कुन एरिंयाको हो भनेर।

यतिकैमा त्याहां अर्का पात्र भाषवैज्ञानिक पिकरींग पनि आईपुग्छन् जो हिन्दी भाषाको भाषावैज्ञानिक हुन।जब हिंगिसले बताउंछन् कि उनले एलिजालाई तीनमहिनाभित्र स्तरीयअंग्रेजी सिकाएर छ महिनामा एउटी महारानी झैं चेन्ज ल्याई दिन्छ,यो सुनेर पिकरींग र हिंगिसबीच बाजी पर्छ अनि पिकरींगले शर्त स्विकार गर्छकि यदि उनले एलिजालाई यदि यतिदिनभित्र यदि उसलाई हाई कलास लेडीमा चेन्ज ल्याइदिन्छ भने ती सबै फी पिकरींगले नै बेहोर्नेछन् तर केहि परिवर्तन भएन भने केहि दिने छैनन्।अब यिनी दुबै जानाको भेंट अर्कोदिन,हिंगीसका ल्याबमै हुन्छ,जहां पिकरंग लाई हिंगिस वैज्ञानिकले ति रेकर्डिंग सबै उपकरणहरु देखाउंछन जुन अंग्रेजी भाषा शिक्षणमां काम लाग्छन्।

यतिकैमा एलिजा तम्तयार भएर आई पुग्छिन् प्रोननसिएसन सिख्न र तालिम लिन,अनि आतुरछिन् कि कति छिटो स्ट्यान्डर्ड उच्चारण सिखेर सभ्य लेडीमा परिवर्तन हुईला । तर प्रोफेसर हिंगीस अलि



खरो स्वभावका छन् किनकी उनलाई फोनेटिक्सका वैज्ञानिक हुनमा गर्वछन्।उनले एलिजालाई सम्झाउदै भन्नुहुन्छ कि त्यसका लागि एलिजाले छ महिना लेशनलिनु पर्छ।उनी त्यति भाभुक पनि देखिएन कारण उलाई थाहाछन् कि ती गरिब केटिले चाहिएका जति फी भर्न सक्दिनन्।तत्पश्चात पिकरींग जो हिन्दी भाषा वैज्ञानिक छन् उसले शर्त स्विकार्छन् कि यदि हिंगिस उलाई शर्त बमोजिम परिर्वतन ल्याई दिएमा जम्मा फी केटीको पिकरींगले नै तिर्नेछन्।यहां प्रष्ट छकि जुन लव एलिजाले हिंगिस प्रति देखाउंछिन त्यो लव यहां हिंगिसले नफर्काई पिकरींगले फिर्काउने चेस्टा गर्छन,यस हिसाबले यहां त्रिकोणात्मक लव झल्किन्छ।यतिकैमा हिंगिसले आफना नौकरानीमिस पियर्स लाई अर्डर गर्छन् कि एलिजालाई नुहाई धुलाई गरेर शभ्य लुगामा उनको सामु प्रयोगशालामा पेश गर्नलाई,।

इतिकैमा त्याहां एलिजाकी फादर अलफ्रेड डुलिटील आईपुग्छ,अनि कम्पलेन पनि गर्छकि कति दिन देखि उसका छोरी गायबछीन् र जुन टेक्सी ड्राईभरले एलिजालाई त्याहांसम्म पुगाएका छन उसैले उलाई यहां पठाकोछ।साथै अलफ्रेडले यो पनि शर्त राख्छ कि तिमीहरुले मलाई पांच पाउण्ड दियौ भने,छोरी लाई सदाकोलागि छारीदिनेछु।यसकुरामा प्रोफेसर हिंगिस र पिकरींग दुबैलाई अचम्म लाग्छ कि कस्तो फादरहो ?जसले पांच पाउण्डमा आफना छोरीलाई पनि बेचिदिन चाहन्छन्।अर्थात् यहां निर नाटककारले त्यतिबेलाको भिक्टोरीन कल्चर अफ ईंगलैण्ड देखाउने कोर्सिस गरेकाछन्।यसपछि उसका बुवा फर्किने बेलामा छोरी लाई पनि पहिचान्न नसकेपछि एलिजा संग झगरा पनि हुन्छ।

यसपछि लैंग्वेजको ट्रेनिंग स्टार्ट हुन्छ र हेंगरी एलिजा लाई बताउंछ कि बीचबीचमा यिनले उसलाइ टेष्ट पनि लिराख्ने छन् ताकी थाहाहोला कि कति प्रगति भयो या भएनन्।अबकेहि महिना बिते उपरान्त हिंगिसले एलिजालाई लिएर आफनी आमाकहां आउंछ,जहां केहि भिआइपी गेष्ट आउनेबालाछन् र हेनरीले एलिजाको कमिन्युकेश्नमा कति सुधारभएको हेर्न चाहन्छ।तर यहां एलिजा एउटा गल्ति गर्छिन् बहस चलि रहेको हुन्छ मौसममाथि तर उ आफना अंटीको डेथको खिसा सुनाउन थाल्छिन् साथै उसको बुवा धेरै शराबी र जांडीयाहा हुन भने बताईदिन्छे । जहां गेष्टहरु मध्ये ती एन्सपोड लेडी र उनकी छोरा फ्रेडी पनि आएका हुन्छन्,जसको चर्चा नाटकको शुरुवातीमै भैसकेकोछ।एलिजाको कुरा सुनी फ्रेडीलाई मजा आयो तर तीलेडी फ्रेडीका आमालाई भने रीस उठेछ उसका कुरा गर्नेशैलीमाथि,त्याहां फ्रेडीले एलिजा लाई फेरि कहिं दोबारा मिल्नेछ भनी आश्वासन पनि दिलाउंछ।अब केहिछिनमै आएर हिंगिसले आफनी आमा मिसेज हिंगिसलाई सोध्नुभो कि एलिजा लाई के कति सुधार भएकोछ?तर मिस हिंगिसले नकारात्मक जबाब दिन्छिन कि एलिजा प्रजेन्टेबल आईमाइ बन्न सक्दैनन् कहिले।उ बेकार टाईम पास गरिराखेकोछ एक्सपेरिमेन्टमा,अब हिंगिसलाई डाउटछ कि एक्सपेरिमन्ट सफलहोला कि नाई?तथापि केहि दिन अझै ट्रेनिंग दिने क्रममा एउटा भिआइपी एम्बेसडर्स पार्टीमा निम्तो आए पछि,जब हिंगिस एलिजा लाई लिएर जांदा एलिजा मजाले हाई कलास लेडी झैं कुरा गरेपछि हिंगिस संतुष्ट हुन्छ कि उसको एक्सपेरिमन्ट अब सफलहुनेभो।किनकी त्यस पाटीमा एलिजालाई कसैले पहिचान्न पनि सकेनन् कि उ त्यहि साधारण केटी फुल बेच्ने एलिजा हुन।

अब चांहि एलिजा लिएर घर फर्किदा,हिंगिसले भने पिकरींगलाई कि देख्यौ मैले एलिजालाई एउटी हाई कलास लेडी अर्थात् डचेजमा परिणत गरिदिए। मैले बाजी जिते अब भगवानको कृपाले आफुलाई गर्व ठान्दछु तर एलिजा आफ्नी रीस पोख्छिन के त्यसमा उसको पनि कुनै मेहनत छैन?हिंगिस पनि सोंच्दछ थैंकस भन्नुका साटो यसले मेरो एहसानको कदरछैन।अब एलिजाले व्यक्त गर्दछ कि अब उ केगर्ने?यतिकैमा हिंगिसले भन्छ कि उ कुनै धनि मान्छेसित विवाह गरिहालोस,तर एलिजा लाई यो कुरा कुनै वेश्यावृति झैं लागेपछि,त्यहाबाट केहिछिनमा गायब भैहाल्छिन्।पछि पिकरींग र हिगिस दुबै परेशान हुन्छन।पिकरींग त पुलिसमा गई कम्पलेन पनि लेखाउंछ तर एलिजा अरु कहिं होईन हिंगिसका आमा मिसेज हिंगिसकहां गएकी रहेछ।

अबदुब एलिजालाई खोज्दै हिंगिस आमाको घर आएर,पहिले हिंगिसले प्रस्ताव दिन्छन् कि एलिजा कि त पिकरींग सित विहे गरिहालोस या त हिंगिसले अडोप्ट गर्नेछन्।अनि एलिजा दुबै प्रस्ताव लत्याई रीस पोखेर प्रतिकृया जनाउंदछिन कि उ केबल नोकर झैं गाली बेइज्ती र हेपाई सहेर हिंगिसका घर बस्दैनन्,बरु उ पनि हिंगिस झैं एकदिन भषाविद् तथा प्रशिक्षक बन्नेछिन् र पछि थाहा हुन्छ कि उ फ्रडीसंग भागेछिन्।यतिकैमा नाटकका पटकथा समाप्त हुन्छ।यहां पनि त्रिकोणत्मक प्रेम देखा परेछन् किनकी एलिजाकालागि पिकरींग बेहालछन्,हिंगिस पनि गोदलिने कुरा खुलेर राखेछन् तर दुबैलाई ठुकराई उ जोसंग ईहलिला मचाएर लुकीलुकी चक्करचलाए उहि फ्रेडी संग लापता हुन्छ।अर्थात् समग्रमा भन्दा नाटककारले त्यतिबेलाका कलचर चालचलनका साथै प्रेम र भाषा शिक्षणलाई पनि आफना नाटकका विषय वस्तु बनाएर रीयल संसार प्रस्तुत गरेकाछन्।कथामा अंग्रेजी विषयका चमत्कारले एउटी फुलबेच्ने केटी डचेजमा परिणत हुनु पनि एउटा ठुलै पाठ सिकाएको रहेछ नि?

# बत्तीमुनिको अँध्यारोमा बागलुङको पर्यटन

**खेमराज गौतम–**

नेपालमा भित्रिने विदेशी पर्यटकमध्ये ४० प्रतिशत गण्डकी प्रदेशको राजधानी पोखरा पुग्ने गरेको तथ्याङ्क छ। पर्यटनको राजधानी मानिने पोखराबाट बागलुङ बजार त्यस्तै ७० किलोमिटर हाराहारीमा पर्छ । तर पोखरा आएका कति पर्यटक बागलुङसम्म पुग्छन् ? यसको खोजी र लेखाजोखा सकैसँग छैन। पोखरा आएका धेरै पर्यटक एकदेखि डेढ घण्टाकै दूरीका अन्य जिल्लामा कमै मात्रै पुग्ने गरेका छन् । त्यसो त यो दूरीका जिल्ला र स्थानमा पनि पर्यटक लोभ्याउने अधिक सम्भावना रहेकै छन् । यसो भए पनि संरचनाअर्थात् पर्यटन पूर्वाधारको भने अभाव छ । पोखरा आएका विदेशी पर्यटकलाई पश्चिमका बागलुङ, पर्वत, म्याग्दीसम्म ल्याउन आवश्यक प्रचारप्रसार एवं सूचना र पर्यटन पूर्वाधारको खाँचो देखिन्छ । पोखराबाट बढीमा दुई घण्टामा बागलुङ पुग्न सकिने भए पनि विदेशी पर्यटकको आगमन भने शून्यजस्तै छ । विभिन्न पर्यटन व्यवसायीको पहलमा आएका विदेशी पर्यटकको समूहबाहेक अन्य विदेशी पर्यटक आफैँले खोजेर सूचना प्राप्त गरेर यहाँ आउने गरेका छैनन् । नेपालको एक मात्र शिकार आरक्ष ढोरपाटनमा सिधै हेलिकप्टरमार्फत विदेशी पर्यटक पुग्दा जिल्लामा पर्यटक आगमनको आभास नै हुँदैन। त्यस्तै अरु कुनै प्याकेज कार्यक्रममा आए भने पनि बाटो मात्र हिँड्छन्, यहाँ बास बस्दैनन् ।बागलुङमा विदेशी पर्यटक भित्र्याउन पर्यटकीय पूर्वाधार, आतिथ्यता कार्यक्रम, सूचना प्रणालीलगायतको अभाव छ । यी क्षेत्रमा आवश्यक मात्रामा सुधार गर्न सकिएमा पर्यटक यहाँ ल्याउन सकिने यहाँका स्थनीय पर्यटन व्यवसायी तथा जानकार बताउँछन्।

**पोखरा आएका पर्यटक किन आउदैनन् बागलुङ ?**

बागलुङ जिल्लामा विदेशी पर्यटक भित्र्यान हालसम्म संस्थागत पहल नथालिएका कारण विदशी पर्यटक नआएको पर्यटन व्यवसायीको भनाइ छ । बागलुङमा पहिलोपटक विदेशी पर्यटक भित्र्याउन पहल गर्नुभएका पर्यटन व्यवसायी महादेव शर्माले पोखरा भित्रिने पर्यटक अधिकांश पोखरा आसपासका क्षेत्रमा आउन नसक्नु भनेको अन्य जिल्लाले नै विदेशी पर्यटक भित्र्याउन पहल नगरेको हो भन्न सकिन्छ भन्नुहुन्छ। "व्यक्तिगत पहलमा कति पर्यटक आउलान्, मैले भेगन समूहका विदशी पर्यटक बागलुङ ल्याउन थालेको छु, तर यहाँका स्थानीय पालिकाले पहल थाल्न पर्‍यो, निजी क्षेत्रले साझेदारी गर्न पर्‍यो र बागलुङका पर्यटकीय क्षेत्रमा विदेशी पर्यटकको नजर नपर्नु नै पहिलो कारण देख्छु", शर्माले भन्नुभयो, "धार्मिक पर्यटक भित्र्याउन बागलुङमा सहज देख्छु पोखराबाट मुक्तिनाथ जाने वा त्यहाँ पुगेका भारतीय पर्यटक बढी बागलुङ आउने सम्भावना छ, त्यसका लागि आश्रम र सुविधा सम्पन्न शाकाहारी होटल स्थापना गर्न आवश्यक छ।"बागलुङमा पर्यटक भित्राउने निजी क्षेत्रको एउटा साझेदार संस्था नहुँनु, प्रचारप्रसारको कमी र बागलुङको महत्व विश्वसामु चिनाउन नसक्नुका कारण बागलुङमा विदेशी पर्यटक आकर्षित हुन नसकेको पाइएको छ । "पोखरा आएको विदेशी पर्यटक बागलुङमा किन र के का लागि जाने भन्ने त हुन पर्‍यो, यहाँको कला संस्कृति हेर्न हो अथवा ग्रामीण पर्यकीय क्षेत्रमा घुम्न, बागलुङमा तीन दिन हिँड्न सक्ने राम्रो पदमार्गको रुट अहिले सम्म रेखाङ्कन छैन", उहाँले भन्नुभयो, "मैले बागलुङ बजा देखि भकुण्डै हुँदै सिगानाको बौडैचौरदेखि बौरसम्मको दुई दिने पर्यटकीय पदमार्गको रुट बनाएर विदेशी पर्यटक पुर्‍याएको छु, तर पालिकाले विदेशी पर्यटक ल्याउन कुनै चासो दिएको देखिँदैन।"

यहाँ पर्यटनमा पूर्वाधारका क्षेत्रमा निजी क्षेत्रको लगानी कम देखिन्छ। पर्यटक आए पनि यहाँ बस्ने र घुम्ने ठाउँहरु पनि कमै छन्। उनीहरुको बसाई लम्ब्याउन सकिने खालका पूर्वाधार नहुँदा पर्यटकको आकर्षण बढ्न नसकेकाले पर्यटक बागलुङ आउन नसकेको स्थानीय राम शर्माले बताउनुभयो । बागलुङको पुरानो संस्कृतिको रुपमा रहेको हनुमान नाच, लाखे नाच, घाटु नाच र शालैजोलाई समय समयमा प्रदर्शन गर्न सकेमा यसबाट स्वदेशी मात्र नभएर विदेशी पर्यटकलाई ल्याउन सकिने शर्माको भनाइ छ।

**सूचना केन्द्र नहुँदा अलमलमा पर्यटक**

बागलुङमा भित्रिने विदेशी पर्यटक मात्रै होइन स्वदेशी पर्यटकसमेत अलमलमा पर्ने गरेका छन् । बागलुङ जिल्लाको प्रवेशद्वारमा डिजिटल सूचना केन्द्र राख्न नसक्दा बागलुङ आएका पर्यटक अलमलमा पर्ने गरेको पाइन्छ ।बागलुङ जिल्लाको कालिका मन्दिर कहाँ छ, पर्यटकीय गन्तव्य पञ्चकोट कहाँ छ, भन्ने विवरणको सूचना केन्द्र स्थापना गरेर राख्न सकिने भए पनि हालसम्म पर्यटक सूचना केन्द्र नहुँदा पर्यटक अलमलमा पर्ने गरेको बागलुङ जिल्लाको होटल व्यवसायी सङ्घका अध्यक्ष निलेश राजभण्डारी बताउनुहुन्छ । "अहिले डिजिटल जमाना आइसक्यो, यहाँका होटल पुरानै अवस्थाका छन्, गुगल तथा डिजिटल म्यापमा यहाँका होटल देखिँदैनन्, विदेशी पर्यटकले इन्टरनेट खोजेर गन्तव्य पहिल्याउने भइसके, जिल्ला सदरमुकामस्थित एक दर्जन होटल मात्रै विदेशी पर्यटक राख्न सक्ने अवस्थाका छन्", राजभण्डारीले भन्नुभयो, "होटल स्तरोन्नति हुन आवश्यक छ, बागलुङ प्रवेशद्वारमा पर्यटकीय सूचना केन्द्र राख्न बागलुङ नगरपालिकालाई सुझाव दिएका छौँ ।"अब होटलहरु अनलाइनबाटै बुकिङ गर्न सकिने र प्रविधि मैत्री हुनसकेमा मात्रै विदेशी पर्यटकको रोजाइमा पर्नसक्ने बताउँदै राजभण्डारीले विदेशी पर्यटकहरु जिल्लामा ल्याउन भौतिक पूर्वाधार, आतिथ्यतामा लगानी र प्रचारप्रसार गर्न आवश्यक रहेको बताउनुभयो । जिल्ला सदरमुकाम बागलुङ बजारमा चार सय विदेशी पर्यटक एक रातमा बस्न सक्ने क्षमता रहेको होटल व्यवसायी सङ्घ बागलुङले जनाएको छ। बागलुङ जिल्लामा दुई हजार पाहुना राख्ने क्षमता भएपनि पर्यटकका लागि चार सय मात्रै क्षमता रहेको हो।

**मुस्ताङ जाने विदेशी पर्यटकको छायाँमा बागलुङ**

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले २०७५ वैशाख २९ गते मुस्ताङको मुक्तिनाथ मन्दिर दर्शनपश्चात् अहिले मुक्तिनाथमा भारतीय पर्यटकको लर्को छ तर मुक्तिनाथ पुगेका भारतीय पर्यटकको १५ प्रतिशत पर्यटक मात्रै बागलुङ कालिका मन्दिरलगायत अन्य धार्मिक क्षेत्रको भ्रमणमा आउने गरेको पाइएको छ। बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काका अनुसार पछिल्लो समय मुस्ताङ पुग्ने भारातीय पर्यटक बागलुङ आउन थालेपनि तेस्रो मुलुकका पर्यटकहरु मुस्ताङबाट सोझै फर्कने गरेको बताउनुभयो ।भारतीय पर्यटक मुक्तिनाथ भ्रमणपश्चात् बागलुङ नगरपालिका-४ कुडुँलेस्थित शालग्राम सङ्ग्रहालय दर्शनका लागि समेत पुग्ने गरेको पाइएको छ तर मुस्ताङ पुगेर बागलुङ आएका पर्यटक एक रातसमेत बागलुङमा नबसी सिधै पोखरा पुग्ने गरेको बागलुङका होटल व्यवसायीहरु भनाई छ। उता भारतीय पर्यटक अधिकांशले शाकाहारी खाना मन पराउने भएकाले बागलुङमा शाकाहारी खानाका होटल नहुँदा पनि समस्या उत्पन्न भएको हुनसक्छ। मुस्ताङ पुग्ने विदेशी पर्यटकलाई बागलुङमा ल्याउनका लागि प्रवर्द्धनात्मक काम थाल्नुपर्ने पर्यटन व्यवसायी महादेव शर्माको भनाइ छ। जस्तो कि मुस्ताङ पुग्ने भारतीय पर्यटकले आफ्नो खानपिन र धार्मिक पर्यटनका रुपमा बागलुङलाई छान्नका लागि उनीहरु बस्ने र घुम्ने स्थान तथा होटलको प्रचार गुगलमै उपलब्ध भए सजिलो हुन्छ । तर त्यस्तो अवस्था यहाँ देखिँदैन। त्यसैले पोखराबाट सडकमार्ग भएर मुस्ताङ पुगेका पर्यटक यता नछिरी उतैबाट पोखरा फर्किने गरेका हुनसक्छन्।

**आन्तरिक पर्यटकको भरमा बागलुङ**

बागलुङमा विदेशी पर्यटकहरु नगन्य मात्रमा आएपनि आन्तरिक पर्यटकको भने जिल्लाका अधिकांश पर्यटकीयस्थलमा चहल-पहल देखिन्छ । जिल्लाका सुविधा सम्पन्न होटलहरु प्रायजसो आन्तरिक पर्यटकहरुले भरिने गरेको होटल व्यवसायी संघ बागलुङको तथ्याङ्कमा छ ।जिल्लाको पिस प्यालेस, होटल समिट धौलागिरि, रेड एप्पल, दिराजन, होटल सुगन, आरती, होटल हिलभ्यू लगायतका होटलहरु प्रायः आन्तरिक पर्यटकले नै भरिने गरेको होटल व्यवसायीको भनाइ छ। होटलसँगै जिल्लाको पर्यटकीय गन्तव्यहरु बागलुङ कालिका, पञ्चकोट, शालग्राम सङ्ग्रहालय, हाँडीकोट,

बाँकी पृष्ठ २ मा

# मौलाकालिकामा धार्मिक पर्यटक बढे



**टेकराज पोखरेल**
**नवलपुर ।**

यसअघि गैँडाकोट तथा नारायणगढ आउँदा टाढैबाट मन्दिर दर्शन गरेर जाने ६१ वर्षीया लक्ष्मी उपाध्याय गत सोमबार मौलाकालिका मन्दिरमा पूजा गर्न पुगेकी थिइन् । जिल्लाको मध्यविन्दु-३ बाट आएकी उनले हामीसँगको कुराकानीमा १७ वर्षपछि आज मन्दिर पुगेको बताइन् । नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को गैँडाकोटमा रहेको ऐतिहासिक धार्मिस्थल मौलाकालिका मन्दिरमा हिँडेर जानुपर्ने भएकाले आफू १७ वर्षसम्म मन्दिर दर्शनका लागि जान नसेकेको उपाध्यायको भनाइ थियो । 'सत्र वर्षअघिसम्म त वर्षमा दुई तीन पटक मौलाकालिका मन्दिर आउने गरेकी थिएँ', उनले भनिन् 'विस्तारै बुढेसकाल लागेपछि हिँडेर मन्दिर पुग्नसक्ने अवस्था नभएकाले टाढैबाट मन्दिरको दर्शन गरेर घर फर्किने गरेकी थिएँ ।' यस पटक भने मन्दिरसम्मै पुग्न सकिने केबलकार सञ्चालनमा आएको सुनेर आफू मन्दिर दर्शनका लागि आएको उनले बताए ।

'पहाडको फेदीबाटै केबलकार चल्दा सहज भएको छ । केबलकारमा पाँच मिनेको यात्रापछि मन्दिर नजिकै ओर्लिन पाइने रहेछ, यात्रा पनि रमाइलो लाग्यो', उनले भनिन् 'जिन्दगीमै पहिलोपटक केबलकार चढ्ने मौका मिल्यो, केबलकारबाट झरेको पाँच मिनेटमै माताको दर्शन गर्न मन्दिर पुगिँदो रहेछ ।' केबलकार सञ्चालनपछि हिँड्न नसक्ने व्यक्तिका लागि मन्दिर पुग्न सहज भएको उनले बताइन् । यसअघि आफू नारायणगढ र गैँडाकोट आइराख्ने भएपनि टाढैबाट माताको दर्शन गरेर फर्किने गरेको उपाध्यायले सुनाइन् । अहिले मौलाकालिकामा पूजाआजा गर्न जाने त भए नै धार्मिक पर्यटन प्रर्वर्द्धनका लागि विभिन्न समूह बनाएर जाने व्यक्तिहरू पनि पुग्ने गरेका छन् । पहिले तल देवघाट दर्शनमा आएका व्यक्तिहरू त्यहाँबाटै फर्किने गरेका भएपनि अहिले केबलकारको सुविधाका कारण मौलाकालिका मन्दिर पनि पुग्ने गरेका सोमबार धनगढीबाट मन्दिर दर्शनका लागि आएका कैलाश आचार्यले जानकारी दिए । आचार्यले भने, 'पहिले पनि दर्शन गर्न पुगेको थिएँ, यहाँ हिँड्न नसक्नेलाई गाडीमा जान सकिने सुविधा पनि थियो र अहिले पनि रहेछ । तर गाडी भरपर्दो नहुने । पानी पर्दा हिलो हुने र उकालोमा गाडी नचल्ने भएकाले एकपटक हामी बीचबाटै फर्किएका थियौँ तर यसपाली निकै सजिलोगरी देवीको दर्शन गर्न पाइयो । सपरिवार आएका थियौँ अब आज नै घर फर्किन्छौँ ।'



गैँडाकोट-१ को धारापानीबाट मन्दिर नजिकैको हेलिप्याडसम्म केबलकार सञ्चालनमा आएपछि मन्दिरमा दर्शन तथा पूजाआजाका साथै धार्मिक पर्यटनमा आउनेको सङ्ख्या बढेको धार्मिक सेवा समिति मौलाकालिका मन्दिरले जनाएको छ । समितिका आन्तरिक लेखा समिति संयोजक शोभाकान्त काफ्लेले पहिलेको तुलनामा अहिले दोब्बरले भक्तजनको सङ्ख्या बढेको बताए । 'अघिल्ला वर्षमा सय समयमा सामान्य दिनमा दैनिक पाँच सयको हाराहारी मानिस मन्दिरमा आउने गरेका थिए', उनले भने, 'अहिले दैनिक एक हजारभन्दा बढी मानिस मन्दिरमा आउने गरेका छन् । सार्वजनिक बिदाको दिन र चाडपर्वमा त निकै भिडभाड हुने गरेको छ ।' उनले भने, 'वैशाखमा केबलकार सञ्चालनमा आएपछि मन्दिरमा भक्तजन बढेका हुन् । मन्दिरमा दैनिक नित्य पूजा, शिवालय मन्दिरमा रुद्री, हवन, विवाहजस्ता शुभकार्य हुने गरेका छन् ।' मन्दिरमा माता कालीको दर्शनसँगै जन्मदिन मनाउन, वैवाहिक वर्षगाँठ मनाउन, भाकल गर्न, भाकल बुझाउन, पितृको उद्धारका लागिसमेत भक्तजन आउने गरेका उनको भनाइ छ ।

मन्दिरमा कुनै पनि कार्य गर्नका लागि समितिले पैसा तोकेर नलिने भन्दै उनले भने, 'हामीले परेवा उडाउन चाहने व्यक्तिका लागि दुई सय ५० रुपैयाँ मूल्य तोकेका छौँ, अन्य कार्यका लागि भक्तजनले स्वेच्छाले दिएको दान हामीले सहर्ष स्वीकार गरेका छौँ ।' मन्दिर पुग्ने भक्तजनहरूले माताको पाउमा, दान पेटिकामा रकम दिने गरेको भन्दै उनले केही व्यक्तिहरूले भने रसिद काटेर भेटी दिने गरेको बताए । मन्दिर दर्शनका लागि आउने भक्तजन बढेसँगै मन्दिरको भेटीसमेत बढेको उनको भनाइ छ ।

'अहिले मन्दिरले दैनिक ५० हजार रुपैयाँभन्दा बढी भेटी रकम सङ्कलन गर्दै आएको छ', उनले भने, 'मन्दिरमा सङ्कलन भएको भेटीबाट धर्मशाला, गुरुकुलम्, अतिथि गृहलगायत सञ्चालन भइरहेको छ । भेटीबाट उठ्ने रकमले मन्दिरको खर्च धान्न धौधौ हुने गरेको भन्दै उनले सरकारकोतर्फबाट हालसम्म मन्दिरलाई आर्थिक सहयोग नभएको बताए । जेठ महिनामा मात्रै मौलाकाली केबलकारमार्फत २६ हजारभन्दा बढी व्यक्तिले यात्रा गरेका मौलाकाली केबलकार प्रालिका व्यवस्थापक सुरज पौडेलले बताए । माथि पुगेका अधिकांश व्यक्ति मन्दिरको दर्शनका लागि पुग्ने गर्दछन् ।

दैनिक आठ सय जनासम्म यात्रुले केबलकार चढेर चढेर मौलाकालिका पुग्ने गरेका पौडेलको भनाइ छ । नयाँ वर्षका अवसरमा वैशाख १ गतेदेखि सुरु गरिएको केबलकारमा दैनिक जस्तो दर्शनार्थीको सङ्ख्या बढेको उनी बताउँछन् । बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म सञ्चालन हुने यस केबलकारबाट प्रतिघन्टा छ सय जनाले यात्रा गर्न सक्छन् । यसो लम्बाई एक हजार दुई सय मिटर छ ।

# रत्ननगरमा रोजगार मेला

**रासस**
**रत्ननगर ।**

चितवनको रत्ननगर नगरपालिकामा वृत्ति मार्ग निर्देशन तथा रोजगार मेला सुरु भएको छ । रत्ननगर-१ स्थित होटल स्टार चितवनमा शुक्रबारदेखि सुरु भएको मेलाको रत्ननगर नगरपालिका र भरतपुर महानगरपालिकाले संयुक्तरुपमा आयोजना गरेका हुन् ।

मेलाको उद्घाटनका क्रममा रत्ननगर नगरपालिकाका प्रमुख प्रह्लाद सापकोटाले नगरवासी युवालाई स्वरोजगार बनाउन र रोजगारीको अवसर सिर्जना गर्न रत्ननगर नगरपालिका लागिपरेको बताए ।

उनले आफ्नो क्षमता पहिचान गरी उद्यमी बन्न चाहने युवालाई आवश्यक तालिमको व्यवस्था गर्ने र रोजगारदातासँग समन्वय गरी रोजगारीको अवसर दिलाउन मेला आयोजना गरिएको सापकोटाको भनाइ छ ।


सीप र क्षमता भएका व्यक्ति कोही पनि बेरोजगार बन्नु नपर्ने उल्लेख गर्दै उनले भने, 'स्वदेशमै उद्यमी बन्न होस् वा वैदेशिक रोजगारीमै जानका लागि पनि आवश्यक पर्ने तालिम लिनुपर्छ । हामीले इन्स्योर परियोजनाअन्तर्गत हेल्भेटास नेपालको प्राविधिक सहयोगमा तालिम दिन प्रतिबद्ध छौँ ।'

कार्यक्रममा नगर उपप्रमुख यादवप्रसाद पाठकले शैक्षिक योग्यता, दक्षता र क्षमता हुँदाहुँदै पनि रोजगारीको अवसरबाट वञ्चित भएकाले मेलाबाट लाभ उठाउन सक्ने र सीप सिक्न चाहनेका लागि विभिन्न तालिममा सहभागी गराइने बताए ।

रत्ननगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत छविलाल सुवेदीले रोजगारीको खोजीमा रहेका र रोजगारी दिनेबीच प्रत्यक्ष भेट गराएर रोजगारीको अवसर सिर्जना गर्न मेला कोसेढुङ्गा सावित हुने बताए । उनले मेला अवलोकन गरी लाभ लिन नगरवासीसँग आह्वानसमेत गरे ।

कार्यक्रममा उद्योग वाणिज्य सङ्घ चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले विभिन्न उद्योगमा अहिले जनशक्तिको अभाव भइरहेको जनाउँदै आवश्यक सीप सिकेर दक्ष बन्न सकेको अवस्थामा एक हजार बढी युवालाई रोजगार प्रदान गर्न सकिने बताए । मेलामा रोजगारदाता कम्पनी तथा सीप सिकाउने कम्पनीका गरी गरी ३४ प्रदर्शनी कक्ष छन् ।

# खडेरीले धान उत्पादनमा कमी हुने



**रासस**
**कलैया ।**

लामो समयदेखि वर्षा नभई खडेरी परेको हुँदा भदैया धानको उत्पादन हुने क्षेत्रफलमा किसानले रोपाइँ गर्न नसक्दा उत्पादनमा कमी आउने भएको छ ।

आर्थिक वर्ष २०८०/८१ का लागि कृषकले विभिन्न जातका भदैया धान ११ हजार नौ सय पाँच हेक्टर क्षेत्रफलमा खेती गर्ने लक्ष्य लिएकामा खरेडी पर्दा र समयमा धानको बीउ तयार हुन नसकेकाले हालसम्म कृषहले १० प्रतिशतमात्र रोपाइँ गर्न सकेको कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत राजनारायण प्रसादले जानकारी दिए । भदैया धानको क्षेत्रफलमा कमी भए पनि अगहनी धानको क्षेत्रफलमा भने वृद्धि हुने उनले बताए ।

गत वर्ष कृषकले विभिन्न जातका भदैया धान ११ हजार नौ सय पाँच हेक्टर क्षेत्रफलमा प्रति हेक्टर चार दशमलव तीन प्रतिशतले धान उत्पादन भएको कृषि ज्ञान केन्द्रका प्रमुख जितेन्द्र यादवले जानकारी दिए ।

कलैया उपमहानगरपालिका-१४ भैराका किसान गोपालदास बैरागी र कलैया उपमहानगरपालिका-२ का किसान प्रभु यादवका अनुसार खरेडीका कारणले अहिलेसम्म रोपाइँ हुनुपर्ने बेलामा बीउ नै रोपाइँयोग्य नभएको हुँदा आफूहरूलाई समस्या भएको बताए ।

# बजेटले अर्थतन्त्रलाई चलायमान बनाउँछ: अर्थमन्त्री



**रासस**
**गण्डकी ।**


अर्थमन्त्री डा प्रकाशशरण महतले सरकारले ल्याएको बजेटले अर्थतन्त्रलाई चलायमान बनाउने बताएका छन् । नेपाल प्रेस युनियन कास्कीद्वारा पोखरामा आयोजित पत्रकार सम्मेलनमा उनले देश र जनतालाई केन्द्रविन्दुमा राखेर अर्थतन्त्रलाई चलायमान बनाउने गरी बजेट आएको उल्लेख गरे । सरकारले अर्थतन्त्रलाई चलायमान बनाउले लक्ष्यका साथ उद्योग व्यवसायलाई बढाउने प्रस्ताव गरेको मन्त्री महतले बताए । उद्योग व्यवसाय खोल्नका लागि निःशुल्क उद्योग दर्ता गर्न सक्ने र पूँजी एक सय रुपैयाँ राखेर पनि प्रारम्भिक उद्योगको सुरुआत गर्न सक्ने व्यवस्था मिलाइएको उनको भनाइ थियो । आइटीलाई प्रोत्साहन गर्न करमा आधा छुटको व्यवस्था मिलाइएको र पूँजीको कुनै सिमाना नरहेको उनले उल्लेख गरे ।

पूँजीगत खर्च गर्ने सीमाका कारण भनेजस्तो हरेक ठाउँमा चाहेजस्तो बजेट विनियोजन गर्न नसकिएको उल्लेख गर्दै मन्त्री महतले बजेटको लक्ष्य लोकप्रिय रहेको र यसले लोकप्रिय परिणाम दिने विश्वास व्यक्त गरे । खर्च प्रक्रियालाई सहज बनाउने र अनुशासन कायम गर्नतर्फ सरकार लागेको जिकिर गर्दै उनले बजेटको समयमा कार्यान्वयन नहुने, कार्यविधि नबन्ने, समयमा ठेक्का नलाग्ने जस्ता विषयको अन्त्य गर्नका लागि मुख्य सचिवसहित मन्त्रालयका सचिवलाई बोलाएर निर्देशन दिएको उल्लेख गरे । निजी क्षेत्रलाई प्रोत्साहन गर्ने गरी बजेट आएको उनको भनाइ छ ।

नेपाली कांग्रेसका प्रवक्तासमेत रहेका मन्त्री महतले कांग्रेस जहिले पनि निजी क्षेत्रलाई प्रोत्साहन गर्नेतर्फ लागेको बताए । आर्थिक वृद्धिको वाहक निजी क्षेत्रलाई बनाउने र वितरण वाहक एवम् जिम्मेवारी राज्यले लिनेमा आफूहरू स्पष्ट रहेको उल्लेख गर्दै उनले उत्पादन वृद्धि गराउँदै उक्त वृद्धिको हिस्सा पछि परेका वर्ग एवम् समूहमा सम्प्रेषित गर्ने नीति लिइएको बताए । आर्थिक वृद्धिसँगै शिक्षा, स्वास्थ्य पूर्वाधार विकासमा पछि परेको समूहमा लगानी गर्ने नीतिअनुरुप नै बजेट प्रस्ताव भएको मन्त्री महतले स्पष्ट पारे । सरकारले कृषिमा उत्पादनका आधारमा अनुदान दिने व्यवस्था मिलाएको उनले बताए ।

वर्तमान सत्ता गठबन्धन हेरफेरको कुरा अफवाह भएको उल्लेख गर्दै मन्त्री महतले त्यसका पछि नलाग्न आग्रह गरे । निश्चित लक्ष्यका साथ सुशासन गर्ने, आर्थिक वृद्धि हासिल गर्ने र अर्थतन्त्रलाई चलायमान बनाउने कुरालाई केन्द्रमा राखेर वर्तमान गठबन्धन अघि बढ्ने उनले बताए ।

# रैथाने बाली जोगाउन सचेतना फैलाइँदै



**रासस**
**कञ्चनपुर ।**

रैथाने बाली जोगाउन शुक्लाफाँटा नगरपालिका-१० झलारीस्थित नव सिर्जना बहुउद्देश्यीय सहकारी संस्थाले सचेतना अभियान सञ्चालन गरेको छ । सहकारीले लोप हुँदै गरेका रैथाने बाली संरक्षणमा जोड दिनका लागि जैविक विविधता मेला, प्रदर्शनी, गोष्ठी, छलफल लगायतका कार्यक्रम सञ्चालन गरेको छ । रैथाने प्रजातिका सोधुवा, सोठियारी, अञ्जना, निमै, सिमटारी, एजवाइन, बामनचिनी, कगरा, लालचन्द, गाजरगोला, रझुनी, थापाचिनी, बासमती, ध्युपुरी, सेतो अनदी, रातो अनदी, मटमुर, बन्दना, कोइपुर्वा, आसाफल, झुम्का, बगरी, मनसुलीलगायतका लोपोन्मुख अवस्थामा पुगेका धानका प्रजाति जोगाउनका लागि नयाँ पुस्तालाई सचेत पार्ने कार्य भइरहेको सहकारीका अध्यक्ष भीमराज अवस्थीले बताए ।

'धानका पुराना प्रजाति सुक्खा सहनसक्ने, थोरै पानीमा पनि उत्पादन दिने, डुबान सहनसक्ने अवस्थाका रहेका छन्', उनले भने, 'पुराना धानका प्रजातिको खेती गर्न छाडेर हाल हाइब्रिड (वर्णशङ्कर) जातका बढी उत्पादन दिने धानखेतीप्रति किसानको रुचि बढदै गएको छ ।' उन्नत जातका धानका प्रजातिसँगै पुराना जातका धानको खेतीलाई किसानले सँगसँगै लैजानुपर्ने उनको भनाइ छ । जैविक विविधताको संरक्षणमा टेवा पुऱ्याउनका लागि रैथाने जातका अन्नबाली, तरकारी बाली, तेलहन बाली, दलहन बालीबारे नयाँ पिँढीलाई जानकारी दिन कार्यक्रमलाई निरन्तररूपमा अगाडि बढाइएको सहकारीका अध्यक्ष अवस्थीले बताए । 'वर्षौंदेखि लगाउँदै आएका रैथाने बालीका विभिन्न जातको क्रस गरेर जिन बैंकले हाइब्रिड बालीको बीउ बनाई हामीलाई नै चर्को मूल्यमा बेचिरहेको छ', उनले भने, सुक्खा सहनसक्ने, चिसो, गर्मीमा हुर्कने बाली लोप हुँदै गएका छन् ।'

रैथाने बाली लोप हुनुमा किसानकै कमजोरी रहेको उल्लेख गर्दै उनले बढी उत्पादनको लोभमा परम्परागत बाली लोप भइरहेकाले त्यसको जगेर्ना गर्नु नितान्त आवश्यक रहेको बताए । स्थानीय तहले खेती प्रणालीमा सुधार गरी स्थानीयस्तरमै जीन बैंकको स्थापना गरी उन्नत जातका धानलगायतका बालीको बीउ सुपथ मूल्यमा किसानलाई उपलब्ध गराउनुपर्ने उनको भनाइ छ । उनले भने, 'रासायनिक मलको सट्टा ढैँचा, मुँग लगाउने गर्नु पर्दछ, पहिला मलका लागि ढैँचा र मुँग लगाइने गरेको थियो, हाल त्यसलाई बिर्सेर रासायनिक मल हाल्दा माटोको गुणस्तरमा निकै ह्रास आउँदा रैथाने बाली फस्टाउन गाह्रो परेको छ', प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना कार्यालयका प्रमुख सञ्जु उपाध्यायले भने । उनले नयाँ प्रविधि प्रयोग गरेर उत्पादन बढाउँदा रैथाने प्रजाति हराउने चिन्ता रहेको बताए ।

उनले नयाँ प्रविधिको प्रयोग गरी उन्नत जातका बाली पनि लगाउने सँगसँगै रैथाने बालीलाई लगाउने गरे खाद्यान्नको समस्या हटेर जाने बताए ।

कृषिमा प्रयुक्त हुने युवा जनशक्ति विदेशिदा जग्गा बाँझो रहने भएकाले स्थानीय तहले युवालाई स्वदेशमै काम गर्नका लागि आकर्षक योजना ल्याउनुपर्ने उनले उल्लेख गरे । कृषि ज्ञान केन्द्रका अधिकृत हरिदत्त जोशीले कम वर्षा हुने प्रक्षेपण भइसकेकाले किसानले सुक्खा र डुबान सहन सक्ने जातका धान रोप्नुपर्ने बताए । उनका अनुसार हालसम्म जिल्लामा थोरै वर्षा हुँदा २२ प्रतिशत मात्रै रोपाइँ भएको छ । गत वर्ष यसै समयमा यहाँ ७० प्रतिशत रोपाइँ भएको थियो । सो नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टीकेन्द्रराज भट्टले युवा जनशक्तिलाई टिकाइराख्न कम लागतमा बढी उत्पादन दिने बाली लगाउनका लागि उत्प्रेरित गर्न विगतको तुलनामा पाँच गुणाले बजेटमा वृद्धि गरी कार्यक्रम अघि सारिएको बताए । नगर प्रमुख रणबहादुर महराले नगरवासीको प्रमुख आयको स्रोतका रूपमा कृषि रहेको चर्चा गर्दै उनले पर्याप्त स्रोतसाधन नभए पनि १२ वटै वडामा कृषिको सम्भावना पहिल्याएर वैज्ञानिक तरिकाले कार्यक्रम सञ्चालन गरिने बताए । कृषि विवरण तयार भएपछि त्यसकै आधारमा कार्यक्रम सञ्चालन गरिने उनको भनाइ थियो ।

उनका अनुसार किसानले उत्पादन गरेको कृषि उपजलाई लामो समयसम्म भण्डारण गर्न चिस्यान केन्द्र निर्माण गर्ने तयारी भइरहेको बताए । जग्गा प्राप्तिका क्रममा रहेकाले जग्गा प्राप्ती भएसँगै चिस्यान केन्द्र निर्माण हुने बताए ।

# अनुदानले बाँझो जमिनमा खेती गर्ने क्रम बढे

**रासस**
**गोरखा ।**

गोरखाको बारपाक सुलिकोट गाउँपालिकाले बाँझो जमिनमा खेती गर्ने किसानलाई प्रोत्साहनस्वरुप अनुदान रकम उपलब्ध गराएको छ । पालिकाले किसानलाई अनुदान दिन थालेपछि वर्षौंदेखि बाँझो रहँदै आएका जमिनमा खेती गर्नेको सङ्ख्या बढ्न थालेको छ । पालिकाले किसानलाई प्रोत्साहनस्वरुप प्रतिरोपनी तीन हजार रुपैयाँसम्म अनुदान रकम उपलब्ध गराउन सुरु गरेको गाउँपालिका अध्यक्ष विष्णुप्रसाद भट्टले जानकारी दिए । अनुदान पाएपछि वर्षौंदेखि बाँझो रहँदै आएका नौ सय ३८ रोपनी जमिनमा किसानले खेती गर्न थालेका उनले बताए । 'आर्थिक वर्ष ०७७/७८ देखि गाउँपालिकाले बाँझो जमिनमा खेती गर्ने किसानका लागि अनुदानस्वरुप प्रोत्साहन रकम दिन सुरु गरेको हो,' अध्यक्ष भट्टले भने, 'अनुदान कार्यक्रमले किसानमा जमिन बाँझो राख्नु हुँदैन, उत्पादनमा लाग्नुपर्छ भन्ने भावना विकास हुनुका साथै उत्साह पनि थपेको छ ।' उनीका अनुसार तीन वर्षदेखि गाउँपालिकाले 'बाँझो जग्गा उपयोग कार्यविधि २०७७' कार्यविधि बनाएर अनुदान उपलब्ध गराउँदै आएको हो ।

अनुदान कार्यक्रम सुरु गर्नुभन्दा पहिला पालिकाभित्र कति खेतीयोग्य जमिन बाँझो भनी तथ्याङ्क सङ्कलन गरिएको अध्यक्ष भट्टले जानकारी दिए । 'प्राप्त तथ्याङ्कका आधारमा बाँझो जमिन राख्ने किसानलाई अनुदान उपलब्ध गराउन थालिएको हो', उनले भने । गाउँमा पछिल्लो समय खेती गर्ने क्रम बिस्तारै घट्दै गएर कृषिजन्य वस्तुको आयात बढ्न थालेको अध्यक्ष भट्टको भनाइ थियो । स्थानीय उत्पादन वृद्धि गरी आत्मनिर्भर बनाउने उद्देश्यले किसानका लागि प्रोत्साहन नीति ल्याएको उनले बताए । कृषि उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाउँदै कृषि पेसाबाट स्वरोजगारी सिर्जना गर्न पालिकाले सञ्चालन गरिरहेको किसानलाई प्रोत्साहन कार्यक्रम प्रभावकारी बनेको स्थानीय कृषक मोहन ढकालले बताए । 'जमिन बाँझो राखेर लाखौँ रुपैयाँ ऋण काढेर विदेश नै जानुपर्छ भन्ने सोचको विकास हामीमा छ,' उनले भने, 'किसानलाई प्रोत्साहन गर्ने कार्यक्रमले विदेश जानुभन्दा कृषि पेसाबाट पनि आत्मानिर्भर बन्न सकिन्छ भन्ने धारणा विकास गरिदिएको छ ।' ढकालका अनुसार साँध सिमानामा छिमेकीले बाँझो जमिनमा खेतीपाती गर्न थालेका छन् । किसानलाई पनि अनुदान कार्यक्रमले राहत पुगेको भन्दै गाउँपालिकाभित्र कृषिजन्य वस्तुको उत्पादन वृद्धि भएको उनको भनाइ थियो ।

बाली र प्रकृति हेरी बाँझो जमिनमा खेती गर्नेलाई प्रोत्साहन बापत अनुदान रकम उपलब्ध गराउने गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत तुलसी राम आर्चायले जानकारी दिए । 'खाद्य र तरकारी बाली खेती गर्नेलाई प्रतिरोपनी तीन हजार रुपैयाँसम्म, मसला बाली गर्नेलाई प्रतिरोपनी दुई हजार पाँच सय रुपैयाँसम्म, फलफूल बाली लगाउने कृषक, कृषि समूह वा फार्मलाई प्रतिरोपनी दुई हजार रुपैयाँका दरले अनुदान उपलब्ध गराइएको छ', उनले भने ।



# जनकपुर जेसिज विवादमा सचिवालयमा तालाबन्दी




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुर जेसिजमा नयाँ सदस्यता सम्बन्धी विषयमा विवाद उत्पन्न भएपछि तालाबन्दी गरिएको छ। अध्यक्ष अभिषेक चौधरीले विधानविपरित नयाँ सदस्यता थपेपछि जेसिजको सचिवालयमा तालाबन्दी गरिएको हो।

अध्यक्ष चौधरीको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै जेसिजका कार्यकारिणी उपाध्यक्ष राहुल निधि, सदस्यहरू राजेश ठाकुर, राजेश मण्डल र लक्ष्मण महतोले तालाबन्दी गरेका छन् ।अध्यक्ष चौधरीले विधानविपरित नयाँ सदस्यता थपेको कार्यसमितिका एक पदाधिकारीले आरोप लगाएका छन् । सन् २०२० को साधारणसभाबाट प्रत्येक वर्ष बढिमा ३० जना नयाँ सदस्य थप्ने व्यवस्था गरेपनि अध्यक्ष चौधरीले आफूखुशी १४७ जना सदस्य थपेको ती पदाधिकारीको भनाइ छ ।

'सन् २०२० को साधारणसभाले हरेक वर्ष बढीमा ३० जना नयाँ सदस्य थप्न सकिने व्यवस्था गरेको छ । तर, अध्यक्ष चौधरीले विधानको व्यवस्थासमेत मिचेर १४७ जना नयाँ सदस्य बनाएका छन्,' उनले भने, 'बोर्ड मिटिङमा समेत राम्ररी छलफल भएको छैन । जबरजस्ती निर्णय लाद्ने काम गरिएको छ ।'विधानविपरित गएर थपिएका नयाँ सदस्यहरूलाई स्वीकार्य गर्न नसकिने उनले बताए । भोटको राजनीति गर्न अध्यक्षले विधान मिचेर नयाँ सदस्यता वितरण गर्न लागेको पदाधिकारीहरूले आरोप लगाएका छन् ।

सन् २०२० मा विधान संशोधन भएर हरेक वर्ष बढीमा ३० जना नयाँ सदस्य थप्ने व्यवस्था गरिएको भएपनि अध्यक्षले यसलाई मिचेको उनको आरोप छ। जनकपुर जेसिजमा सन् २०२१ मा संशोधित विधानबमोजिम नै नयाँ सदस्यता वितरण भएको थियो। सन् २०२२ मा विवादका कारण नयाँ सदस्यता नबाँडिएको र अहिले एकैपटक १४७ जनालाई नयाँ सदस्यता दिन लागिएको उनको भनाइ छ।

# भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन सरकारको पहिलो सर्त : उपप्रधानमन्त्री

**अशोक घिमिरे**
**छेन्दु (चीन) ।**
उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले वर्तमान सरकारले भ्रष्टाचारको प्रभावकारी नियन्त्रण र सुशासन प्रवर्द्धनलाई पहिलो सर्त बनाएर काम थालेको बताएका छन् ।

जनवादी चीनको भ्रमणमा रहनुभएका उनले छेन्दुस्थित नेपाली महावाणिज्य दूतावासमा शनिबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै वर्तमान सरकारले सुशासनलाई कडाइ पूर्वक अगाडि बढाउन खोजेको बताए ।

'कुशासन नेपालको विकासको समस्या हो, अहिलेको सरकारले भ्रष्टाचारको प्रभावकारी नियन्त्रणसहित सुशासनको स्थापित गर्नेलाई पहिलो सर्त बनाएर काम थालेको छ । पूर्वउपप्रधनमन्त्री, पूर्वगृहमन्त्री, निर्वाचनका आयोगका सदस्य, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अध्यक्ष, विभिन्न उच्च तहका पदाधिकारी भ्रष्टाचार गर्ने अपराधमा नियन्त्रणमा लिनु परेकोछ', उनले भने । कमिसन र भ्रष्टाचारको जालोले देशलाई जर्जर बनाएको उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले अनियमितता गर्ने व्यक्तिमाथिको कारबाही प्रक्रिया कुनै पनि हालतमा नरोकिने दृढता व्यक्त गरे । 'जो सुकै होस् यो प्रक्रिया कुनै पनि हालतमा रोकिँदैन', उनले भने, 'अहिले कुनै पार्टीसँग जोडिएका व्यक्ति परेका होलान्, कोही अर्को पार्टीसँग जोडिएका होलान्, अब आउँदा दिनमा अर्को कुनै पार्टीसँग जोडिएको हुन सक्छन्, हामीलाई त्यसको कुनै मतलब छैन, जो भए पनि कारबाही हुन्छ ।'मुलुक र जनतालाई ठगी गर्ने, धोका दिने, अपराध गर्नेलाई वर्तमान सरकारले कुनै पनि हालतमा नछाड्ने विश्वास दिलाउँदै उनले अपराध गर्नेलाई कानुनको दायरमा ल्याइ छाड्ने प्रतिबद्धता व्यक्त गरे । 'अपराध कसले गरेको छ, त्यसलाई कानुनको दायरामा ल्याइ छाड्छौं, देशमा सुशासन स्थापित गरी छाड्छौं । यो हाम्रो सङ्कल्प हो', उपप्रधानमन्त्री श्रेष्ठले भने, 'त्यसले विकास र प्रगतिका निम्ति नयाँ आधार तयार पार्छ । देशमा एउटा आशा पैदा हुन्छ ।'




सुशासन कायम गर्दै मुलुकलाई सुशासनको मार्गमा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्दै उनले विभिन्न कारणबाट विदेशीएका नेपालीलाई स्वदेश फर्काउने वातावरण निर्माण गरिने बताए । विकास र समृद्धिको लक्ष्य पूरा गर्नका निम्ति आफ्नै बलबुतामा काम गर्नुपर्नेमा जोड दिँदै उनले समृद्धिका विदेशी मित्रको सहयोगको अपेक्षा गरेको बताए । आफूले चीन भ्रमणका क्रममा भएका दिपक्षीय भेटवार्तामा नेपालको समृद्धिका बारेमा छलफल गरेको जानकारी दिँदै उनले भने, 'हाम्रै बुद्धि, विवेक र श्रम पसिना लगाएर विकासको यात्रालाई अगाडि बढाउनुपर्नेमा हाम्रो मात्रै साधन स्रोतले विकासका कुरालाई तीव्र पारेर लक्ष्यमा पुग्न सम्भव छैन । त्यसैले वैदेशिक सहयोगका निम्ति पनि अनुरोध गरिरहेका छौँ ।' राजनीतिक परिवर्तनसँगै जनताको जीवनस्तर पनि परिवर्तन हुनुपर्नेमा त्यसो हुन नसकेको स्वीकार गर्दै उनले जनताको जीनवस्तर बदल्ने गरी मुलुकलाई समृद्ध बनाउनुपर्ने अहिलेको आवश्यकता रहेको बताए । 'राजनीतिक परिवर्तन मात्रै दिएको होइन, हाम्रो पोल्टामा हामीले नै भोग्न पाउने गरी यति चिज दियो भनेर नेपाली जनताले अनुभूति गर्न पाउनुपर्यो', उनले भने, 'शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्यान्न, आवास, सडक, खानेपानी, विद्युत्का आवश्यकताहरु पूरा गरेर राजनीतिक परिवर्तनले खाली राजनीतिक अधिकार मात्र दिएको हैन हाम्रो जीवनस्तर नै बदलियो भन्ने स्थानमा जनतालाई पुर्याउनुपर्छ ।'

वर्तमान सरकार मुख्य चार वटा कार्यभार पूरा गर्न लागि परेको उल्लेख गर्दै उनले सार्वभौमिकताको रक्षा, राष्ट्रिय सुरक्षालाई सुदृढ, परिवर्तनको रक्षा र शान्ति प्रक्रियाको बाँकी काम पूरा गर्नुपर्ने अहिलेको आवश्यकता रहेको बताए । 'सामाजिक आर्थिक रुपान्तरणको कार्यभारलाई हर हालतमा पूरा गर्नुपर्नेछ । विकास र समृद्धि, त्यसलाई गुणात्मक फड्को पुर्याउने गरी सम्पूर्ण ध्यान विकास र समृद्धिमा केन्द्रित गर्नुछ । त्यो दिशामा सरकार लाग्छ', उनले भने । सबै राजनीतिक पार्टीलाई आआफ्नो मतभिन्नता एक ठाउँमा राखेर राष्ट्रियता, राष्ट्रिय सुरक्षा र समृद्धिको मुद्दामा एकताबद्ध हुनुपर्छ भनेर सहमति र सहकार्यका निम्ति अपिल गरिरहेको उहाँले बताए ।

महावाणिज्यदूत दिनेशकुमार घिमिरेले महावाणिज्य दूतावासले लगानी, पर्यटन, व्यापार तथा निर्यात प्रवर्द्धन एवं कन्सुलर सेवालगायत नेपाल र नेपाली जनताको सर्वोत्तम हितका कार्य गर्दै आएको बताए । उनले महावाणिज्य दूतावासको कार्यक्षेत्र सिचुवान र कुइचो प्रान्त तथा छोङछिङ महानगरमा रहेको जानकारी दिए । सो अवसरमा उपप्रधानमन्त्रीले अध्ययन तथा विभिन्न पेशा व्यवसायका सिलसिलामा छेन्दुमा रहेका नेपालीसँग अन्तरक्रिया गरेका थिए । दूतावासले उपप्रधानमन्त्रीको सम्मानमा रात्रिभोजको आयोजना गरेको थियो । दूतावास पुग्दा उपप्रधानमन्त्री श्रेष्ठलाई महावाणिज्यदूत घिमिरे र वाणिज्यजूत मनहरि दङ्गालले स्वागत गर्नुभएको थियो । समारोहमा छेन्दुमा रहेका नेपाली व्यवसायी तथा विद्यार्थीको बाक्लो उपस्थिती रहेको थियो ।

# हामी बदलिएपछि संघीय लोकतान्त्रिक प्रणाली थप बलियो हुनेछ : प्रधानमन्त्री

**रासस**
**काठमाडौं ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले तीनै तहका सरकारहरूले आफ्नो सोच र कार्यशैली बदलेर मात्र सङ्घीय लोकतान्त्रिक प्रणाली बलियो बनाउन सकिने बताएका छन् ।

कास्कीको पोखरामा शनिबार आयोजित राष्ट्रिय समन्वय परिषद्को प्रथम बैठकको अध्यक्षता गर्दै प्रधानमन्त्रीले सङ्घीयतालाई बलियो बनाउन सबैको उत्तिकै सार्थक प्रयास हुनु आवश्यक रहेको बताए ।

प्रधानमन्त्रीले भने, 'सङ्घीयताको मर्म र यसको दीर्घकालीन महत्त्व हामीले बुझेनौं भने यसको फाइदा सङ्घीयताका विरोधीहरूले लिनेछन् । हामीले जति छिटो र राम्रो कार्यसम्पादन गर्छौं, जनताले त्यति नै मात्रामा सङ्घीयताबाट लाभ लिन सक्छन् । सङ्घीयता कार्यान्वयनका लागि ऐनहरू बनेका छन्, तर ती पूर्ण छैनन् । समन्वयको प्रभावकारिता पनि जरूरी छ । हाम्रो जोड त्यता हुन जरूरी छ ।'

लामो सङ्घर्ष र पहलपछि देश सङ्घीय गणतन्त्रमा आएको उल्लेख गर्दै प्रधानमन्त्रीले यो कुनै भावावेशमा गरिएको निर्णय नभएको तथा सुविचारित निष्कर्षका कारण नै हामी अहिले हामी सङ्घीय प्रणालीमा रहेको बताए । उनले यसको व्यवस्थापन र प्रभावकारी कार्यान्वयन पनि हाम्रै भएकाले यसमा चुक्न नहुने धारणा राखे । प्रधानमन्त्रीले भने, 'कतिपय शक्तिहरू यस (सङ्घीय गणतन्त्र)लाई ढलाउन सकिन्छ कि भनेर लागिरहेका छन् । पुरातनपन्थी र हावाहुरीबाट आएका शक्तिहरू पनि यसलाई कमजोर पार्न लागिरहेका छन् । त्यसैले लोकतान्त्रिक शक्तिहरूले नै यसको पहल र स्वामित्व लिनुपर्छ । नेपालको भूराजनीतिक संवेदनशीलताका कारण पनि व्यवस्था बलियो बनाउन हामीहरू नै लाग्नुपर्छ ।'

राष्ट्रको स्वाधीनता र समृद्धिको नेतृत्व अरूले गर्न नसक्ने भएकाले लोकतन्त्रभित्र देखिएका समस्या समाधानको हैसियत लोकतान्त्रिक शक्ति र दलले नै सक्ने र यो जिम्मेवारीलाई सत्तापक्ष, प्रतिपक्ष सबैले ठीक ढङ्गले लिन जरूरी रहेको बताए ।

प्रधानमन्त्रीले भने, 'नीति, कार्यक्रम र बजेटको परम्परा अर्को वर्ष ब्रेक गर्छौं । अहिले हामीले नीति, कार्यक्रम र बजेटमा जुन मोडल र प्रक्रिया अवलम्बन गरेका छौं, त्यसले समाधान दिँदैन । त्यसैले हामी यसलाई बदल्छौं ।

जनप्रतिनिधि र सरोकारवाला सबैको अन्तर्क्रियाबाट सबैको अपनत्व हुने गरी नीति, कार्यक्रम र बजेट बनाउँछौं ।'सङ्घीयताविरोधी शक्तिलाई हामीले व्यवहारबाट जवाफ दिन जरूरी रहेको र त्यसका लागि हाम्रो सोच र कार्यशैली बदल्नुपर्ने प्रधानमन्त्रीको भनाइ छ । उनले भने, 'हामी बदलिएपछि मात्रै लोकतान्त्रिक प्रणाली बलियो हुन्छ । सबै तहका सरकारहरू त्यसरी लागौं । फिल्डका समस्या राम्रोसँग आएका छन्, यसले हामीलाई राम्रो फिडब्याक दिएको छ । यसमा टेकेर अघि बढौं ।'

सो बैठकमा अर्थमन्त्री डा प्रकाशशरण महत, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदी, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरूङ, विपक्षी दलको तर्फबाट पूर्वमन्त्री विष्णु पौडेल, प्रदेशका मुख्यमन्त्रीहरू, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ, राष्ट्रिय सुरक्षा सल्लाहकार शङ्करदास बैरागी, नेपाल सरकारका मुख्यसचिव डा बैकुण्ठ अर्याल, नेपाल सरकारका सचिवहरू, जिल्ला समन्वय समिति महासङ्घ, नगरपालिका महासङ्घ र गाउँपालिका महासङ्घका प्रमुखलगायत उपस्थित थिए । बैठकले सङ्घीयताको प्रभावकारी कार्यान्वयनसम्बन्धी विविध प्रस्तावमाथि गहन छलफल गरी आवश्यक निर्णयसमेत गरेको छ ।

## संविधान र गणतन्त्रको रक्षाका लागि समाजवादी मोर्चा : नेपाल

**रासस**
**काठमाडौं ।**
नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले संविधान र गणतन्त्रको रक्षाका लागि समाजवादी मोर्चा निर्माण भएको बताएका छन् ।

नेपाल नेवाः राष्ट्रिय सङ्घ (समाजवादी)को प्रथम बागमती प्रदेश कमिटी भेलामा अध्यक्ष नेपालले लामो जनसङ्घर्षबाट मुलुकमा प्राप्त राजनीतिक उपलब्धिविरुद्ध षड्यन्त्र भइरहेकाले समाजवादी मोर्चा निर्माण भएको बताए । मोर्चा कसैलाई एक्ल्याउनका लागि नभएको उनको दाबी छ। अध्यक्ष नेपालले आफ्नो तत्काल कुनै पार्टीसँग एकता नहुने स्पष्ट पारे। परिवर्तनका पक्षधर शक्ति एकताबद्ध भएर अगाडि बढ्नुपर्नेमा जोड दिँदै उनले संविधानबारे बिमति राख्ने शक्ति पनि प्रजातान्त्रिक प्रणालीमा विश्वास गर्नुपर्ने विचार व्यक्त गरे । उनले मोर्चाको आगामी कार्यदिशा र कार्यक्रम तय गर्न बैठक आयोजना गर्ने तयारी भइरहेको जानकारी दिए। देशमा सामाजिक न्याय तथा सुशासन कायम हुन नसकेकाले बेथिति बढेको बताउँदै उनले प्रगतिको बाधक तत्वका रूपमा रहेको भ्रष्टाचार न्यूनीकरण गर्न सबै दलको साझा दृष्टिकोणको खाँचो औंल्याए।

# मखान खेती गर्ने कृषकलाई सामग्री हस्तान्तरण



**मधेशदृष्टि**
**महोत्तरी।**
महोत्तरीको एक स्थानीय तहमा मखान खेती गर्ने कृषकलाई हस्तान्तरण गरिएको छ।

जिल्लाको मटिहानी नगरपालिकाको मखान खेती गर्ने कृषकलाई मटिहानी नगरपालिकाका नगर प्रमुख हरिप्रसाद मण्डलले मखानको बजारीकरणमा सहयोग पुग्ने सामाग्री हस्तान्तरण गरिएको छ।

मटिहानी नगरपालिका वडा ७ का मखान खेती गर्ने सहनी (मल्लाह) जातिका कृषकहरुलाई बोरा, हाते झोला, त्रिपाल, बोरा सिलाउने मसिनलगायतका सामाग्रीहरु शनिबार एक कार्यक्रम बीच हस्तान्तरण गरेका छन्।

यस अवसरमा प्रमुख मण्डलले स्थानीय तहका मखान खेतिलाई प्रोत्साहितसहित प्रचारप्रसार गर्ने उद्देश्यले सामग्री हस्तान्तरण गरिएको बताए।

महोत्तरीमा सबै भन्दा बढी मटिहानीमा मखान खेती गरिन्छ । मटिहानीका करिब ३० वटा पोखरीमा मखान खेती गर्ने गरिएको छ। मखान खेती खास गरी मल्लाह जातिले गर्ने गरेका छन्।

मखान नगदे बालिको रुपमा समेत रहेको छ। मखान खेतीबाट राम्रो आम्दानी आउन थालेपछि मल्लाहसहित मुस्लिम जाती समेत यस कार्यमा संलग्न रहेका छन्।

विशेष गरी दीपावली, कोजाग्रत पूर्णिमासहित विभिन्न पूजापाठमा मखानको प्रयोग हुने गरेको छ।

मखानको हिन्दुधर्ममा विशेष महत्व रहेको छ। हाल मखान खेती र व्यवसायमा सहनी र मुस्लिम जातिका करिब १ सय मटिहानीका परिवारमा संलग्न रहेको कृषि शाखा प्रमुख टंक प्रसाद उपाध्यायले बताए।

सामग्री वितरण कार्यक्रममा मटिहानी नगरपालिका वडा नम्बर ६, ७, र ८ का वडा अध्यक्षहरु कलिम अन्सारी, जितनारायण माझी र रितेश साह, राजाराम सहनी, पवन सहनी, मुसाफिर सहनीलगायतकाले मखान खेती गर्ने कृषकहरुको उपस्थिति रहेको थियो।

# मजदुरी गरी खाने शिलालाई आत्मनिर्भर बन्न मेसिन




**मधेशदृष्टि**
**सर्लाही ।**
कलिलै उमेरमा इँटा भट्टामा मजदुरी गर्न बाध्य भएकी शिला माझीलाई आत्मनिर्भरताका लागि सिलाइकटाइ मेसिन प्रदान गरिएको छ ।

सर्लाहीको हरिपुर नगरपालिका-७ स्थित चिताइन बस्ने शिलालाई शनिबार सिलाइकटाइ मेसिन प्रदान गरिएको हो ।

मुसहर समुदायको उत्थानका लागि क्रियाशील रहेका साउथ एशिया पार्टनशीप नेपालले माझीलाई हरिपुर नगरपालिका वडा नम्बर ७ का वडाध्यक्ष मनोज चौधरीको उपस्थितिमा सिलाइकटाइ मेसिन हस्तान्तरण गरिएको छ ।

नेपालगन्ज, काठमाडौं, नुवाकोटलगायतका स्थानमा रहेको इँटा भट्टामा गएर मजदुरी गर्न बाध्य शिला केही समयदेखि गाउँमै रहेर काम गर्न चाहेको इच्छा प्रकट गरेकी थिइन् ।

शिलाको भावनालाई कदर गर्दै उनलाई गाउँघरमै बसेर लत्ताकपडा सिउनका लागि मेसिन उपलब्ध गरायए छ ।

शिलाका बुवाआमा सिन्धुलीमा मजदुरी काम गर्ने र एउटा भाई अरविन्द माझी काठमाडौंमा मजदुरी गरेर जिवन जिउन बाध्य छन् । त्यस्तै अर्का भाई अनिल माझी पनि झापाको विर्तामोडमा इँटा भट्टामा काम गर्न जाँदा ४ वर्षदेखि बेपत्ता छन् ।

चिताइन मुसहर वस्तीमा अन्य किशोरी भन्दा शिला सक्रिय र केही काम गरेर आयआर्जन गर्ने खालको देखेपछि संस्थाले उनलाई सिलाइकटाइ मेसिन किनेर दिएको हो ।

साप-नेपालले यही कार्यक्रममै चिताइन र हरिपुर नगरपालिका वडा नम्बर २ स्थित हात्तिसारमा रहेको सामुदायिक भवनमा राख्नका लागि दुईवटा पंखा र हात्तिसारमै बालबालिकालाई ट्यूसन पढाउनका लागि एउटा ह्वाईट बोर्डसमेत उपलब्ध गराइएको छ ।

त्यस्तै हरिपुर नगरपालिका वडा नम्बर ५ स्थित असनमा गाउँमा १० घरधुरी मुसहरलाई बंगुर प्रदान गरिएको छ। संस्थाले ७० हजार रुपैयाँमा १० घरधुरीलाई बंगुर खरिद गरेर हस्तान्तरण गरेको जनाइएको छ ।


## झाडापखाला लागेपछि त्यसबाट बच्ने उपाय




मौसममा आएको परिवर्तनले शरीरको तापक्रम सन्तुलन हुन नसक्दा र हामीले खाने खाना र पानीमा ध्यान नदिदा झाडापखाला लाग्ने गर्छ। गर्मीमा खाना छिट्टै बिग्रने र लामो समय राख्दा ढुसी पर्ने र नमिठो बास्ना पनि आउँने हुन्छ। भोक लाग्यो भन्दैमा जस्तो पायो त्यस्तै खाना खानाले स्वास्थ्य बिग्रने गर्छ। त्यस्तै पाचन शक्तिले पचाउन नसक्ने खानेकुरा खाएमा पनि यो रोग लाग्छ। अति धेरै भयो भने हाम्रो शरिरले पचाउन सक्दैन। शरीरलाई अनावश्यक अथवा अति धेरै तेलमा तारेका खाना जस्तै तारेको भुटेको मासु, भट्मास खानुहुँदैन। त्यस्तै धेरै नुनिलो, धेरै पिरो र मसलायूक्त खानेकुरा नखादा बेश हुन्छ।

**झाडापखाला लागिहालेमा के खाने त ?**
१) जीवनजलको पानी सकेसम्म पिउने।
२) भात, दाल, दही अथवा नरम खाना खाने।
३) झोलिलो पदार्थ जस्तै नरम दाल, गेडागुडिको रस र फलफूलको जुस खानुपर्छ।
४) कागती, अनार, मौसम, सुन्तलाको रस जस्ता रसिला काँक्रो, पाकेको मेवा खानेकुराले फाइदा गर्छ।
५) जीवनजल नभएको खण्डमा एक चम्चा चिनी र एक चिम्टी नुन उमालेको पानीमा मिलाएर पिउन सकिन्छ।

**के के नखाने ?**
फोहोर खाना र दुषित पानी रोगका कारण भएकाले विरामी मात्र होइन स्वस्थ व्यक्तिले पनि खानु हुँदैन। तनाव र थकान हटाउँन भन्दै रक्सी पिउनु राम्रो होइन। त्यसमाथि बिरामीले खानै नहुँने कुराहरु
१) बिरामीले रक्सी, चिया, कफी र दुध नखादा बेस हुन्छ।
२) यदी फ्रिजमा राखेको खानेकुरा छ भने बाहिर निकाल्ने वित्तिकै नखाने। तथा बासी, सडेगलेका खानेकुराहरु नखाने।
३) तेलमा तारेका खाना, अमिलो अचार, आलु, भान्टा गोवी पनि नखाने। तथा झिंगा बसेको र नछोपिकन राखेको खानेकुरा नखाने।

## क्षयरोगबाट बच्ने उपाय




नेपालमा हाल नयाँ र पुराना गरी ९० हजार क्षयरोगी छन्। आर्थिक वर्ष २०७२/७३ मा ३२ हजार ३ सय ७९ र २०७३/७४ मा ३१ हजार ७६४ जना उपचाररत् छन् ।विश्वमा एक तिहाइ जनसंख्यामा क्षयरोगको ब्याक्टेरिया सुषुप्त अवस्थामा हुन्छ। नेपालमा डेढ करोड मानिसमा सुषुप्त रूपमा क्षयरोगको कीटाणु रहेको अनुमान गरिएको छ। क्षयरोगको कीटाणु सुषुप्त अवस्थामा रहेमा यसलाई लेटेन्ट ट्यूबरक्लोसिस (क्षयरोग) भनिन्छ। सन् २०३५ सम्म नेपालबाट क्षयरोग अन्त्य गर्ने लक्ष्य लिए पनि नेपालमा क्षयरोगका कारण हरेक दिन १८ जनाको ज्यान जाने गरेको छ।

**लक्षणहरू**
- तौल कम हुने र खाना मन लाग्ने
-छाती दुख्ने
-ज्वरो आउने
-राति धेरै पसिना आउने
- औषधि सेवनपछि खोकी ठीक नहुनु

**बच्ने उपाय**
- दुई साताभन्दा बढी समय खोकी लागेमा तुरुन्तै चिकित्सकका जाने
- संक्रमित व्यक्तिको सम्पर्कबाट टाढा रहने
- भीडभाडमा मास्क प्रयोग गर्ने
- धेरै खोकी लागेमा वा खकारमा रगत देखिएमा तुरुन्तै खोकीको जाँच गर्नुपर्ने
- पर्याप्त मात्रामा पोसिलो तथा झोलिलो पदार्थ सेवन गर्ने

## कालाजारबाट बच्ने उपाय



खेतबारीमा काम गर्दा, वनजंगलमा घाँस-दाउरा गर्दा, खोला, ताल, पोखरी वरिपरि काम गर्दा, माछा मार्दा स्यान्ड फ्लाइ नामक भुसुनाले मानिसलाई टोक्ने सम्भावना धेरै हुन्छ। लामखुट्टेले टोक्ने बित्तिकै कालाजार लाग्ने होइन। तर सचेत भने हुनु आवश्यक छ। यसका लक्षण र बस्ने उपाय विभिन्न रहेका छन्। यसलाई अवलम्बन गर्न सकिन्छ।

**कालाजारका लक्षण**
- ज्वरो आउनु,
-तौल घट्नु,
- थकान महसुस हुनु/कमजोरी महसुस,
- रक्तअल्पता हुनु,
- कलेजो लगायतका भित्री अंगको आकारमा वृद्धि हुनु,
- कलेजो ठूलो भएर पेट फुल्ने हुनु,
- छालामुनी फोका उठेर छालाको तहमा घाउ बन्ने,
- घाँटी तथा काखीका ग्रन्थी सुन्निने,
- रगतको कमी हुने र रक्तअल्पताले बिरामीको अनुहार फुस्रो, पहेंलो देखिने हुन्छ।

**कालाजारबाट बच्ने उपाय**
- पहिलो बच्ने उपाय भनेको लामखुट्टेको टोकाइबाट नै बच्ने हो,
- यो भुसुना वा लामखुट्टे धेरै सक्रिय हुने भनेको बिहान बेलुकाको समय भएकोले सकेसम्म यो समयमा बाहिर ननिस्कने तथा शरीर पुरै ढाक्ने खालका कपडा लगाउने,
- झ्याल ढोकामा जालीको प्रयोग गर्ने जसले गर्दा भुसुना लामखुट्टे लगायतका परजीवीहरू भित्र छिर्न पाउँदैनन्। घर वरिपरि चारैतिर सफा सुग्घर राख्नुपर्छ।
- सुत्ने कोठा वा आफू दैनिक रूपमा विश्राम गर्ने स्थानमा किरा मार्ने विषादी छर्कने गर्दा पनि यो रोगबाट जोगिन सकिन्छ। झुलको प्रयोग गर्ने।
- स्यान्ड फ्लाई भुसुना (लामखुट्टे) भुइँतलामा बढी बस्ने र नौ फिट भन्दामाथि राम्रोसँग उड्न नसक्ने हुँदा सम्भव भएसम्म सबै मानिस माथिल्लो तलामा सुत्नुपर्छ।
- सम्भव भएसम्म किरा मार्ने औषधिमा (किटनाशक भएको पाइरिथ्रोइड) डुबाइएको वा औषधि छर्किएको झुलको प्रयोग गर्ने गर्दा पनि कालाजारबाट बच्न सकिन्छ।

**स्वास्थ्य कार्यालय, महोत्तरी**
जलेश्वर, मधेश प्रदेश, नेपाल

# ब्याडमिन्टन खेलका विजेतालाई मेडल



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटमा ब्याडमिन्टन खेलका विजेतालाई मेडल हस्तान्तरण गरिएको छ ।
रौतहटका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्र द्धारा एक समारोह बीच ब्याडमिन्टन प्रतियगितामा बिजेता लाई मेडल तथा प्रमाणपत्र हस्तान्तरण तथा वितरण गरिएको हो ।
जिल्ला प्रहरी कार्यालय रौतहटले आयोजना गरेको डब्लस ब्याडिन्टन प्रतियोगितामा विजेताहरूलाई प्रजिअ मिश्रले मेडल तथा प्रमाणपत्र वितरण गरेका हुन् ।
यस प्रतियोगितामा इन्सेक्टर दिनेश बहादुर कुँवर प्रथम र दोस्रो स्थानमा वरिष्ठ सइ योगराज खड्का, डिएसपी उमाशंकर यादव र सशस्त्र प्रहरीका डिएसपी सूर्य प्रसाद तिमल्सेना रहेका थिए ।
यस अवसरमा रौतहटका प्रहरी प्रमुख समेत रहेका एसपी वीरबहादुर बुढामगर, सशस्त्र प्रहरी प्रमुख एसपी माधव रेग्मी, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख एसपी चन्दन झाको उपस्थिति रहेको थियो ।
असार १४ गते देखि शुरु भएको प्रतियोगितामा नेपाल प्रहरी, सशस्त्र प्रहरी र प्रहरी विद्यालयका गरी १० जोडी सहभागी भएका थिए ।
प्रहरीको मनोबल उच्च बनाउन प्रतियोगिताको आयोजना गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# बंगलादेशलाई हराउँदै कुवेत फाइनलमा



**मधेशदृष्टि**
**काठमाडौं।**
बंगलादेशलाई अतिरिक्त समयमा पराजित गर्दै आमन्त्रित टोली कुवेत भारतमा जारी साफ च्याम्पियनसिप २०२३ को फाइनलमा प्रवेश गरेको छ । बेंगलुरुस्थित कान्तिराव स्टेडियममा शनिबार भएको पहिलो सेमिफाइनलमा कुवेतले बंगलादेशलाई १-० ले पराजित गरेको हो।
कुवेतका लागि अब्दुल्लाह अलब्लाउसीले अतिरिक्त समयमा गोल गरे । निर्धारित ९० मिनेटको समयमा दुवै टोलीबाट गोल नभएपछि खेलमा ३० मिनेटको अतिरिक्त समय थप गरिएको थियो । अतिरिक्त समयको पहिलो हाफको इन्जुरी टाइममा अलब्लाउसीले गोल गर्दै कुवेतलाई अग्रता दिलाएका थिए र त्यही अग्रता कायम राख्दै कुवेत पहिलो सहभागितामै साफको उपाधि नजिक पुगेको हो।
१४ वर्षपछि सेमिफाइनल खेलेको बंगलादेशको १८ वर्षपछि फाइनल पुग्ने सपना भने पूरा हुन सकेन । बलियो कुवेतलाई १०५ मिनेटसम्म बराबरीमा रोक्न सफल भएपनि एकै गल्तीमा गोल खाँदा बंगलादेश पराजित भयो।
कुवेतले अब फाइनलमा शनिबारै हुने भारत र लेबनाबीचको दोस्रो सेमिफाइनलको विजेतासँग खेल्नेछ। भारत र लेबनाबीचको खेल नेपाली समय अनुसार राति पौने ८ बजे सुरु हुनेछ।

# हाफ म्याराथनको उपाधि राममायालाई




**मधेशदृष्टि**
**काठमाडौं।**
प्रथम महिला हाफ म्याराथन प्रतियोगिताको उपाधि नेपाल पुलिस क्लबकी राममाया बुढाले जितेकी छन् । सशस्त्र प्रहरी परिवार महिला संघको २२ औं वार्षिकोत्सवको अवसरमा शनिबार भएको दौडको २१ किलोमिटर दुरी उनले १ घण्टा २६ मिनेट ९ सेकेण्डमा पार गरिन् । हल्चोकको रंगशालाबाट सुरु भएको दौड स्वयम्भु, कलङ्की, बल्खु, सानेपा, एकान्तकुना, सातदोबाटो, एन्फा फुटबल ग्राउण्ड पुगेर पुनः हल्चोक रंगशाला आएर समापन भएको थियो।
नेपाल एपीएफ क्लबकी बिन्दाधन्के श्रेष्ठले १ घण्टा २७ मिनेट २७ सेकेण्डमा दौड पूरा गरेर दोस्रो र त्रिभुवन आर्मीकी पूर्ण राज्यलक्ष्मी न्यौपानेले १ घण्टा २७ मिनेट ५० सेकेण्डमा दौड पूरा गरेर तेस्रो भइन् । विजेता राममाया बुढाले १ लाख रुपैयाँ जित्दा बिन्दाधन्केले ७५ हजार र पूर्ण राज्यलक्ष्मीले ५० हजार रुपैयाँ हात पारिन् । १ घण्टा ३२ मिनेट १८ सेकेण्डमा दौड पूरा गर्दै एपीएफ क्लबकी आशा राउत चौथो र १ घण्टा ३२ मिनेट २८ सेकेण्डमा दौड पूरा गरेकी पुलिस क्लबकी सुमित्रा चौधरीले पाँचौं भइन् । उनीहरुले क्रमशः २५ र १५ हजार रुपैयाँ जितेका छन् ।
प्रतियोगितमा त्रिभुवन आर्मी, नेपाल पुलिस, एपीएफ क्लबका साथै सशस्त्र प्रहरी बल नेपालका बाहिनी मुख्यालय र अरु गरी ४२ महिला धावकले सहभागिता जनाएका थिए।

# स्क्वासको अध्यक्षमा गुरुङ



**मधेशदृष्टि**
**काठमाडौं।**
नेपाल स्क्वास एन्ड ऱ्याकेट्स संघको अध्यक्षमा ध्रुबबहादुर गुरुङ निर्वाचित भएका छन् । संघको १४ औं वार्षिक साधारण सभा तथा पाँचौं अधिवेशनले आगामी चार वर्षका लागि गुरुङलाई अध्यक्षमा निर्वाचित गरेको हो । अध्यक्ष पदका लागि भएको मतदानमा गुरुङले मनोजबहादुर श्रेष्ठलाई हराएका हुन् । अन्य सबै पदाधिकारी र सदस्य निर्विरोध चयन भए।
उपाध्यक्षमा प्रेम सिंह, सुदीपबहादुर सिंह, दिलिप नरसिंह अधिकारी, जगतसुन्दर सैंजु र रुपकदास ताम्राकार चयन भए भने महासचिवको जिम्मेवारी लोकेन्द्रमान सिं भण्डारीले पाए । सैलेश अमात्य कोषाध्यक्ष र महेन्द्र महर्जन सचिवमा निर्विरोध चुनिए । सदस्यमा राजेन्द्र शाक्य, लालबहादुर गुरुङ, अनिल बज्राचार्य, विदुर धमला, रत्न महर्जन, राकेशकुमार गुप्ता, गिन्दिरा श्रेष्ठ र भावना सुनुवार चयन भएका छन् ।
साधारण सभाको उद्घाटन गर्दै राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले आगामी एसियाडमा राम्रो तयारी गर्न आग्रह रुदै स्क्वासको प्रशिक्षणका लागि विदेशी प्रशिक्षक ल्याउन पहल गर्ने बताए । सो समारोहमा होङजोउ एसियाडमा नेपालको प्रतिनिधित्व गर्ने स्क्वासका छ खेलाडी अरहान्त केशर सिंह, अमृत थापा मगर, अमिर ब्लोन, वृष्णा थापा, विपना ब्लोन र स्वस्थानी श्रेष्ठलाई सम्मान गरिएको थियो।

# बसमा आगो लाग्दा २५ जनाको मृत्यु



**बिबिसी ।**
भारतको महाराष्ट्रस्थित मुम्बई-नागपुर द्रुतमार्गमा गुड्दै गरेको एक निजी बस शनिवार बिहान दुर्घटना हुँदा २५ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । नागपुरबाट समृद्धि राजमार्ग हुँदै पुणेतर्फ आइरहेको ३३ जना सवार बसको टायर फुटेर चालकको नियन्त्रण बाहिर गएको बताइएको छ ।
अनियन्त्रित बस एउटा खम्बामा ठोकिएको थियो । ठक्करका कारण बसको डिजेल ट्याङ्की विस्फोट भएपछि बसमा आगो लागेको थियो ।
आगलागीका कारण अधिकांशको जलेर मृत्यु भएको छ । दुर्घटनामा बाँचेका केही यात्रु सिसा फोरेर बाहिर निस्कन सफल भएको प्रहरी अधिकारीले बताएका छन् । घाइते यात्रुहरूलाई उपचारका लागि स्थानीय बुलढाना अस्पताल लगिएको छ ।
मृतकहरुको अझै सनाखत हुन सकेको छैन । विज्ञहरूले दुर्घटनाको अनुसन्धान गरिरहेका छन् ।

सिसा फुटाएर घाइते यात्रु बाहिर निस्किए

दुर्घटनाको जानकारी प्राप्त हुनासाथ प्रहरी कार्यालयका अधिकारी घटनास्थलमा पुगेका थिए । दमकलले गाडीले आगो निभाउँदासम्म जलन र चोटका कारण केहीको घटनास्थलमै मृत्यु भएको विवरण आएका छन् ।
दुर्घटनामा बाँचेका यात्रुहरूबाट प्रहरीले घटनाबारे जानकारी लिएको थियो । 'म ओर्लने ठाउँ आउन एक घण्टा जति बाँकी थियो । ओर्लने तयारी गर्दागर्दै बस पल्टियो अनि मेरो साथी र म लड्यौं,' उनले भने । 'हामी अगाडिको यात्रु सिसा फुटाएर निस्कँदै गरेको देख्यौं र हामी पनि उनको पछि लाग्यौं । हामी बसबाट हाम फाल्न सफल भयौं ।'
उनका अनुसार पल्टिने बित्तिकै बसमा आगो लागेको थियो र आगो बिस्तारै बढ्दै गयो ।
'हामीले यात्रुहरूको चिच्याहट सुन्यौं, तर हामीले केही गर्न सकेनौं ।'

दुर्घटनाको कारणबारे बस मालिक के भन्छन्



बुलढाना बस दुर्घटनाबारे बसका मालिक वीरेन्द्र दर्नाले टायर फुटेका कारण बस डिभाइडरमा ठोक्किएर आगो लागेको बताएका छन् । समाचार एजेन्सी एएनआईसँगको कुराकानीमा उनले बस पूर्णतया नयाँ भएको र यसका कागजपत्रहरू पनि व्यवस्थित रहेको दाबी गरे । उनका अनुसार बस चालक अनुभवी थिए । टायर फुटेका कारण बस डिभाइडरमा चढेको र त्यसपछि अत्यधिक प्रज्वलनशील पदार्थमा आगो लागेको चालकले बताएका छन् ।
महाराष्ट्रका ग्रामीण विकास तथा पञ्चायती राज विभागका मन्त्री गिरीश महाजनले दुर्घटनापछि चालक र सहचालकलाई नियन्त्रणमा लिइएको बताएका छन् । उक्त दुर्घटनापछि चालक र सहचालक त्यहाँबाट भागेका थिए ।
घटनाप्रति दुःख व्यक्त गर्दै महाराष्ट्रका मुख्यमन्त्री एकनाथ शिन्देले मृतकका परिवारलाई प्रतिव्यक्ति पाँच लाख रुपैयाँ क्षतिपूर्ति दिनुका साथै दुर्घटनाको छानबिन गर्ने पनि घोषणा गरेका छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पनि घटनाबारे दुख व्यक्ति गर्दै मृतकका परिवारलाई प्रधानमन्त्री राहत कोषबाट दुई लाख सहयोगको घोषणा गरेका छन् ।

# फ्रान्समा किशोरको मृत्युपछि दङ्गा




**बिबिसी ।**
प्यारिस नजिकै भएको ट्राफिक जाँचको क्रममा मङ्गलवार एक किशोरको गोली लागि मृत्यु भएपछि अहिले फ्रान्सभरि भीषण दङ्गा मच्चिएको छ र प्रदर्शनहरू व्यापक बन्दै गएका छन् । सत्र वर्षीय किशोर नाहेल एममाथि एक जना प्रहरी अधिकारीले गोली प्रहार गरेको भिडिओ सामाजिक सञ्जालमार्फत सार्वजनिक भएपछि घटनाले उग्र रूप लिएको हो ।
घटनामा संलग्न अधिकारीले पीडितको परिवारसँग माफी मागेका छन् । यद्यपी उनीविरुद्ध गैरकानुनी हत्याको आरोप लागेको छ र अहिले उनी हिरासतमा छन् ।
मृतकलाई उनी गाडीबाट निस्किँदै गर्दा 'पोइन्ट-ब्ल्याङ्क रेन्ज' अर्थात् निकै नजिकबाट निशाना बनाई गोली हानिएको सार्वजनिक विवरणहरूमा उल्लेख गरिएको छ ।

को हुन् मृत किशोर?






मृतक अल्जेरिअन मूलका हुन् र उनको मृत्युले फ्रान्सेली उपनगरहरूमा प्रहरीले जातीय समुदायलाई लक्षित गरी गर्ने आक्रमणबारेका गुनासोलाई पुनर्जीवित गरेको छ । यसै विषयमा आक्रोशित मानिसहरूका कारण देशभर हिंसा फैलिएको छ ।
बिहीवार दिउँसो ती युवककी आमाको नेतृत्वमा निस्किएको ऱ्यालीमा पनि झडप भएको थियो ।
**बीबीसीका यूरोप डिजिटल** सम्पादक पल किर्बीका अनुसार मृतक आमाले हुर्काएका एक्लो सन्तान हुन् । उनी 'टेकअवे खाना' पुऱ्याउने गाडी चलाउँथे र रग्बी लिगका खेलाडी समेत थिए । उनको शैक्षिक पृष्ठभूमि व्यवस्थित थिएन । उनी आफू बस्ने ठाउँबाट नजिकै एक कलेजमा इलेक्ट्रिसियन बन्ने तालिमका लागि भर्ना भएका थिए तर निकै कम उपस्थित हुन्थे । नाहेललाई चिन्ने मानिसहरूले उनी मायालु स्वभावको भएको बताए ।
उनी आफ्नी आमा मोनियासँगै बस्थे र आफ्नो बुबासँग सम्पर्कमा थिएनन् । प्रहरीले उनको कुनै आपराधिक घटनामा संलग्नता नदेखिएको जनाएको छ । उनले घटना भएको दिन काममा निस्कनुअघि चुम्बन दिँदै भनेका थिए, 'आई लभ यू मम (म तिमीलाई माया गर्छु आमा) ।'

बढ्दो दङ्गा

दङ्गा नियन्त्रणका लागि शुक्रवार साँझसम्ममा ४५,००० प्रहरी अधिकारीहरूलाई तैनाथ गरिएको थियो । सरकारले क्षेत्रीय अधिकारीहरूलाई रातभर सार्वजनिक सवारी सेवाहरू बन्द गर्न आह्वान गरेको थियो । त्यस्तै अभिभावकहरूलाई आफ्ना छोराछोरीलाई प्रदर्शनहरूबाट जोगाउन भनिएको छ । फ्रान्सका आन्तरिक मामिला मन्त्री डार्मानिनका अनुसार दङ्गाको चौथो रातमा अशान्तिका कारण 'आर्थिक तथा अन्य गतिविधिमा असर' परेको छ ।
बिहीवार राति ९१७ जना पक्राउ परेका थिए भने शुक्रवार राति उक्त संख्या ४७१ मा सीमित छ । तर, थुप्रै फ्रान्सेली सहरहरूबाट थप हिंसाका विवरणहरू आएका छन् । ती स्थानहरूमा सवारी साधनमा आगो लगाइएको भिडिओहरू सार्वजनिक भएका छन् । विशेषगरी मार्सेलीबाट ८७ जनालाई गिरफ्तार गरिएको छ । यस्ता आन्दोलनहरूबाट १३ वर्षसम्मका किशोरहरूलाई समेत हिरासतमा लिइएको छ । पक्राउ परेकाहरूको औसत उमेर १७ वर्ष रहेको मन्त्री डार्मानिनले बताए ।
फ्रान्सेली फुटबल स्टार किलियान एम्बाप्पेले भनेका छन्, 'हिंसाले कुनै पनि समस्या समाधान गर्दैन ।' उनले यस स्थितिलाई 'शोक, संवाद र पुनर्स्थापना'को बाटोबाट सुधार्ने आग्रह गरेका छन् ।

सरकारको प्रतिक्रिया कस्तो ?

फ्रान्सेली राष्ट्रपति एमानुएल मार्क्रोंले प्रदर्शनकारीहरूले घटनाको फाइदा लिइरहेको आरोप लगाएका छन् । उनले हिंसाको निन्दा गर्दै नाहेलको मृत्युपछिको अवस्थालाई हिंसात्मक गतिविधि गर्न प्रदर्शनकारीहरूले प्रयोग गरेको आशङ्का गरेका छन् । उनले हिंसा नियन्त्रणका लागि थप अधिकारीहरू खटाइने बताए पनि देशमा आपत्कालीन अवस्था घोषणा गरिएको छैन ।
मार्क्रोंले दङ्गामा सहभागी किशोरकिशोरीलाई घरमै राख्न सम्बन्धित अभिभावकलाई आग्रह गरेका छन् । उनले भने, 'उनीहरूलाई घरमै राख्नु आमाबुबाको जिम्मेवारी हो ।' उनले सामाजिक सञ्जाल सेवा प्रदायकहरूलाई केही सामग्रीहरू हटाउन समेत आह्वान गरेका छन् । उनले 'संवेदनशील प्रकारका सामग्रीहरू' हटाउन र हिंसाजनक प्रदर्शन आयोजना गर्न त्यस्ता सञ्जाल प्रयोग गर्ने व्यक्तिहरूको नाम अधिकारीहरूलाई उपलब्ध गराउन आग्रह गरेका छन् । स्न्यापच्याटका एक जना प्रवक्ताले उक्त एपले हिंसा र घृणालाई बढवा दिने सामग्रीप्रति 'शून्य सहनशीलता'को नीति अपनाउने र स्थितिलाई नजिकबाट अनुगमन गरिरहने बताएका छन् ।
सार्वजनिक सडकमा ३ हजार ८८० भन्दा बढी आगजनीका घटना भएको त्यहाँको आन्तरिक मन्त्रालयको आँकडा छ । विभिन्न ठाउँमा प्रदर्शनकारी र दङ्गा नियन्त्रणमा खटेका प्रहरीबीच झडप भएको छ । कतिपय स्थानमा कर्फ्यु लगाइएको छ ।

# रात्रिकालीन दङ्गा नियन्त्रण गर्न ४५ हजार प्रहरी तैनाथ

**एएनआई**
**पेरिस ।**
रात्रिकालीन दङ्गा नियन्त्रण गर्न फ्रान्समा ४५ हजार प्रहरी तैनाथ गरिएको छ । फ्रान्सका आन्तरिक मन्त्री गेराल्ड डार्मानिनले कुनै पनि किसिमका सम्भावित रात्रिकालीन दङ्गा नियन्त्रण गर्न ४५ हजार प्रहरी अधिकारी तैनाथ गरिएको बताएका छन् ।
अल जजीराले उल्लेख गरेअनुसार अघिल्लो दिन करिब ४० हजार प्रहरी परिचालन गरिएको थियो भने शुक्रबारदेखि थप पाँच हजार प्रहरी परिचालन गरिएको छ । गोली हानेर मारिएका १७ वर्षीय नाहेल एमको मृत्युलाई लिएर देशभर विरोध प्रदर्शन भइरहेका बेला फ्रान्समा बिहीबार ४०० भन्दाबढी व्यक्तिलाई पक्राउ गरिएको थियो ।
नान्तेरेमा प्रदर्शनकारी र प्रहरीबीच झडप हुँदा मार्सेलीमा केही दिनअघि नाहेल नामका १७ वर्षीय किशोरको हत्या गोली लागी मृत्यु भएको थियो । युवकको हत्याको विरोधमा प्रतिरोधलाई झन् तीव्र पारिएको छ । किशोरीको सम्झनामा निकालिएको र्‍यायली हिंसात्मक बनेपछि नान्तेरेमा एउटा बैंकमा आगजनी भएको छ । सो घटनाको आशङ्कामा १५ जनालाई प्रहरीले सोधपुछका लागि नियन्त्रणमा लिएको छ । सीएनएनले बीएफएमटीभीलाई उद्धृत गर्दै मार्सेलीमा प्रदर्शनकारीले प्रहरी अधिकारीमाथि आतिशबाजी गरेको जनाएको छ ।

# चिनियाँ युआन अमेरिकी डलरको तुलनामा कमजोर

**एएनआई/वाम**
**बेइजिङ ।**
चिनियाँ मुद्रा रेन्मिन्बी (युआन)को केन्द्रीय समानता दर शुक्रबार अमेरिकी डलरको तुलनामा ५० पिप्स कमजोर भएर ७.२२५८ मा पुगेको छ । चीनको विदेशी विनिमय व्यापार प्रणालीलाई उद्धृत गर्दै सरकारी सञ्चारमाध्यमले सो बारे जानकारी दिएको छ ।
चीनको स्पट विदेशी विनिमय बजारमा युआनलाई प्रत्येक व्यापार हुने दिन केन्द्रीय समानता दरबाट दुई प्रतिशतले बढ्न वा घट्न अनुमति दिइएको छ । अमेरिकी



डलरको तुलनामा युआनको केन्द्रीय समानता दर प्रत्येक व्यापारिक दिन अन्तरबैंक बजार खोल्नु अघि बजार निर्माताले प्रस्ताव गरेको मूल्यको औसतमा आधारित हुन्छ ।

# असारे विकासले मौलाउदै भ्रष्टाचार




## रोकिएन असारे विकास

आर्थिक वर्षको अन्तमा हतारहतार बजेट सक्नेगरी हुने विकास निर्माणका कार्यको बेथिति चालू आर्थिक वर्षमा पनि देखिएको छ। एक प्राविधिकका अनुसार विकसित मुलुकले कुन काम कुन समयमा गर्ने भन्नेबारे निश्चित योजना बनाई त्यहीअनुसार कानून तर्जुमा गरेका हुन्छन्। तर, नेपालमा विकास निर्माणका काम समयमै सम्पन्न हुनुपर्छ भन्ने योजना बने पनि कार्यान्वयन गराउन सकेका छैनन्। पछिल्लो समय जिल्लाको अधिकांस पालिकाहरुमा असारे विकास मौलाएको छ। स्थानिय जनप्रतिनिधि र कर्मचारीहरुकै कारण आर्थिक वर्षको अन्त्यमा विकास खर्च हुने प्रवृत्ति रोक्न सकेका छैनन्। स्थानीय उपभोक्तालाई दवावमा परेर अपारदर्शी ढङ्गले कामगर्न पल्केका जनप्रतिनिधी र कर्मचारीकै कारण असारको मध्येय समयमा काम गर्ने गरेको आरोप छ। असारमा योजना ल्याउने र त्यो पनि आफन्त र नजिककाहरुबाट कामगराउने प्रवृतिले पनि असारे विकासमा व्यापक अनियमितता हुने पुष्टि गरेको छ।

**मुकेश कुमार यादव**
**सिरहा।**
पछिल्लो समय सिरहाका सबैजसो स्थानियतहहरुमा असारे विकासले तिव्रता पाएको छ।
वर्षको एघार महिना सुस्ताएर बसेका जनप्रतिनिधि, ठेकेदार कम्पनी, कर्मचारी र उपभोक्ता समितिलाई असारको मध्यमा आएर भ्याई नभ्याई हो।
वर्षभरी सुस्ताएर बसेका सिरहाको नरहा गाउँ पालिकाका जनप्रतिनिधि, कर्मचारी र उपभोक्ता समितिलाई जोडतोडले असार मसान्त लागेको लागेको छ।



नरहा गाउँपालिका वार्ड नम्वर ५ पानवारी बलुवा टोलमा तीन वटा फरक फरक बाटो निर्माणगर्ने उपभोक्ता समिति बाटो आरसीसी ढलानको काम सुरुगर्ने तरखर गरेका छन्। वडाको आरसीसी ढलानदेखि नरहाको सीमानासम्मको उपभोक्ता समिति र स्थानीय बाटो ढलानको लागि साधसीमाना मिलाउन व्यस्त छन्।
निर्माण समितिका अध्यक्ष काशिन्द्र प्रसाद यादवले कार्यादेश नै ढिलो गरी प्राप्त भएकोले काम अगाढी बढाउन ढिलो भएको जनाए। उनले भने, 'पहिला विवादका कारण उपभोक्ता समिति गठन हुन सकेन, पछि समिति गठन भएपनि कार्यादेश असारको २ गते पछि बनेकाले काम समयमा सुरुगर्न नसकिएको हो।'
यो वडामामात्र नरहा गाउँ पालिका अध्यक्ष राम प्रमोद यादबको निर्देशित कोषबाट चालु आर्थिक वर्ष २०७९/८० बाट २० लाख रकम विनियोजन गरिएको छ।
त्यसैगरी, सोही वडामा डिहिवार थानदेखि साविक वार्ड नम्वर १ सम्मको सडक आरसीसी ढलानको कामले पनि गति लिन सकेको छैन। पालिका अध्यक्षको निर्देशित कोषबाट चालु आर्थिक वर्ष २०७९/८० बाट ५५ लाख रकम विनियोजन गरिएको छ। स्थानीय रामकुमार यादवको अध्यक्षतामा गठित उपभोक्ता समितिले सडकमै रहेका केहीघरहरु समयमा हटाउन नसकेको कारण कामगर्न ढिलो भएको जनाएको छ। उपभोक्ता समितिका अध्यक्ष यादवले भने, 'हामीले समयमै कामगर्ने प्रयास गरेपनि विवादकै कारण सुरुगर्न सकेनौं अव सवै विवादहरु साम्य भईसकेको छ। काम सुरु गरिहाल्छौं।' समयले साथ दिए साता दश दिनमा काम सक्ने उनले जनाए।
सोही वडामा अर्को पनि १० लाख रुपैयाँ आरसीसी ढलानको लागि विनियोजन गरेको छ। त्यसको कामको अवस्था पनि उस्तै छ। एउटै वडामा गाउँ पालिका अध्यक्षले तीन वटा योजनामा ८० लाख बजेट आरसीसी ढलानको लागि विनियोजन गरेको छ। जसमध्ये कुनै योजनाको मध्य असारसम्ममा गति लिन सकेको छैन।
सडक ढलानको लागी अपारदर्शी ढङ्गले उपभोक्ता समिति गठन गरेकाले समयमा काम सुरुगर्न नसकेको नाम नबनाउने सर्तमा एक स्थानीले बताए। उनले भने, 'अपारदर्शी तरिकाले गाउँ पालिका अध्यक्षले उपभोक्ता समिति गठन गर्न खोजेपछि विवादका कारण गठन हुन सकेनु, असार मसान्तमा जनतालाई दवावमा परेर समिति गठनगरी काम गर्न खोजिएको छ।'
वर्षातको समयमा गाउँपालिका अध्यक्षले रमक कुमल्याउन कै लागी आफ्ना नजिककाहरुलाई समितिमा राखेर असारको पहिलो साता कार्यादेश दिन लगाएको उनको आरोप छ।
समितिले साँध सीमाना छुट्याउन असारको मध्येय समयमा जेसीभी पनि सँगै ल्याएका थिए। स्थानियको विरोधका कारण ल्याइएका जेसीभी पनि फर्किएर गयो। विवाद भएपछि यो सडकको ढलान कार्य अझै अन्यौलमा परेको छ।
नरहा गाउँपालिकामा असार १५ गते सम्ममा करिव ३० प्रतिशत काम सम्पन्न भएको प्रावधिक शाखा प्रमुख इन्जिनियर राम कुमार यादबले बताए। उनले भने, 'अहिले सम्म करिव ३० प्रतिशत काम सम्पन्न भएपनि छ, ३५ प्रतिशत कार्य अन्तिम चरणमा छ, २० प्रतिशतले असारमा कार्यादेश लिएको छ। सवै काम सक्ने हो भने असार मसान्तसम्मका ८५ प्रतिशत काम सक्ने लक्ष्य छ।'



इन्जिनियर यादवका अनुसार १५ प्रतिशत कामको अहिलेसम्म सम्झौता र कार्यादेश नभएकाले त्यो बाहेक सवै काम सक्ने लक्ष्य अनुसार काम भईरहेको छ।
यस पालिकाका प्रमुख प्रशासकिय अधिकृतले कार्याकारी अधिकृत नभएकाले पनि धैरै कामहरुले गति नलिनसकेको हो की भन्ने लागेको बताए। उनले भने, 'जेष्ठको मध्यतिर यहाँका प्रशासकिय अधिकृत सरुवा भएर जानुभयो। म आएका भर्खर एक महिना जति भएको छ। त्यसैले पनि कतिपय काममा समस्या भएको हुनसक्ने बताए।
समयमा काम सुरु नभएकाहरुको समयसीमाभित्रमा जति काम सक्छ त्यतिकैमात्र भुक्तानी दिने बताए। उनले भने, 'अव सयम घर्किनै लागेको छ। कामगर्न दिएको समयसीमामा जती काम सक्छ त्यतिकै भुक्तानी दिनेगरी काम गर्न सवै उपभोक्ता समितिलाई जानकारी गराउँदै छौं।'
त्यसैगरी, गोलबजार नगरपालिकालाई पनि असारे विकासको चटाराले छोडेको छैन।
गोलबजार नगरपालिका ९ डण्डा टोलमा असार करिव ४ गते बाट खाने पानि ट्र्याङ्कीको निर्माण कार्य सुरु गरिएको छ।
वर्षातको मौसममा सुरु गरिएको निर्माण कार्य समपन्न गर्न कम्तीमा १ महिनाको अवधी चाहिन्छ। तर यहाँका जनप्रतिनिधि, कर्मचारी र नामकै लागी गठन गरिएका उपभोक्ता समितिकै मिलोमतेमा उक्त निमार्ण कार्य गर्न उ.स. गठन गरेपनि काम भने ठेकेदारले गराइरहेको स्थानियले बताएका छन्।
स्थानिय मुसहरु महतोका अनुसार बलियो पानी ट्र्याङ्की बनाउन कम्तीमा १ देखि दुई महिना सम्म लाग्ने काम ठेक्केदारले पानिमै धमाधम निमार्ण कार्य गरिरहेको बताए। यो निमार्ण कामको नत उपभोक्ता समितिको हो स्थानीयलाई जानकारी छ, तन ठेक्केदार नै।
निर्माण कार्य कस्ले गराइरहेको भनी यकिन भन्न सकिदैन्, तर चोहर्वाको एक जना विहानै विहान आउछ। निर्माण सामाग्री खसाल्छन् अनि जान्छ। 'उनले भने, 'मेयर साहेवको गाउँको मान्छेले नै काम गराइरहेको देखिरहेको छु।' महतोले भने यहाँ इन्जिनियर पनि को हो, कती वेला आउछ भने ठेगान नै हुदैन्। यो निमार्ण कार्य गर्न कस्ले कती बजेट दिएको हो त्यो पनि कहिँ कतै देखापर्दैन् उनले गुनासो पोखे।'
गोलबजार नगरपालिकामा हाल सम्म ५४ प्रतिशत काम सम्पन्न भइसकेको इन्जिनियर नविन कौशलले जनाएको छ। उनले भने, 'हामीले लिएको लक्ष्य असार मसान्त सम्ममा ८० प्रतिशत काम सम्पन्न गरिने बताए। उनले , 'करिव २५ प्रतिशत काम रनिङ्मा छ, यो पनि असारको अन्तिम सम्ममा सकिने उनको दावी छ।'

# मिटरब्याजीमाथि कारबाही तिब्र




**मधेशमृष्टि**
**वीरगंज।**
जिल्ला प्रशासन कार्यालय बाराले मिटर ब्याजीविरुद्ध परेको उजुरीमा कारबाही तिब्र पारेको छ।
प्रहरी, प्रशासनको संयुक्त टोलीले जिल्लाभरका ३ हजार ३ सय २२ उजुरीका आरोपीलाई पत्र पठाउने, नियन्त्रणमा लिने र अनुसन्धान तथा कारवाही गर्ने कार्यलाई तिव्र पारेको हो।
अनुचित लेनदेनकै बिषयमा समाजमा दबाव, प्रभाव धम्की, झैझगडा तथा अन्य प्रकृतिका घटना बढ्न सक्ने भन्दै प्रशासनले १८ जना प्रहरी अधिकृत सहितको टोली बनाई कारबाही अगाडि बढाएको जनाएको हो।
प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले परेका उजुरी मध्ये क्षणिक लाभका लागी चेकको प्रयोगदेखी बढी रकमका तमसुक बनाउनेसम्मका रहेको जानकारी दिनुभयो।
प्रशासनले गरेको आग्रहलाई अटेर गर्ने ९ जनालाई पक्राउ गरेर अनुसन्धान थालेको उहाँले बताए। हालसम्म १ सय ८ वटा मुद्दाको जग्गा र पैसा फिर्ता गराई फछ्र्यौट भैसकेको र ३० वटामा छानविन भैरहेको जिल्ला प्रशासनले जनाएको छ।

# अग्निपिडितलाई राहत

**मधेशदृष्टि**
**सप्तरी।**
अग्निपिडित खड्ग नारायण श्रेष्ठलाई धर्मिहल्फा महिला विकास क्लब लालपट्टीद्वारा राहत वितरण गरिएको छ।
सप्तरीको कञ्चनरुप नगरपालिका वडा नम्बर १२ स्थित श्रवणपुरका आगलागिबाट घाइते भएका श्रेष्ठलाई क्लबले शनिबार आयोजित एक कार्यक्रमको बीच राहत वितरण गरेका हुन्।
क्लबको अध्यक्ष इञ्जिनियर सुर्यनारायण यादवले पिडितको घरमै पुगेर त्रिपाल, झुल, लत्ताकपडा, भाँडाकुँडालगायतका सामग्री राहत स्वरुप प्रदान गरेका छन्।
राहत वितरण कार्यक्रममा स्थानीय इलाका प्रशासन कार्यालय लहान सिरहामा कार्यरत धर्मेन्द्र खडगा, आदिवासी जनजाति पत्रकार महासंघ मधेश प्रदेश समितिका महासचिव बृजमान तामाङलगायतका स्थानीयवासीहरुको उपस्थिति रहेको थियो। गत असार २ गते ग्यास लिग भइ घरमा आगलागी हुदाँ श्रेष्ठ गम्भिर घाइते भएका थिए। ग्यास लिक भई घाइते भएका श्रेष्ठको खुट्टा, टाउकोलगायतका शरीरभरी आगोले पोलेको थियो।
श्रेष्ठ भर्खरै विराटनगर स्थित रेडक्रस अस्पताल विराटनगरबाट उपचार गरी घर फर्किएको छ। उपचारको क्रममा ५ लाख रुपैयाँ खर्च हुदाँ समेत अझै पूर्णरुपमा घाउँ निको नभएको पिडित श्रेष्ठलेले बताए। घरमा एक महिनाको लागि औषधि ल्याएर सेवन गरिरहेको घाइते श्रेष्ठले बताए। ग्यास लिक भइ आगलागी हुदाँ श्रेष्ठको घरमा समेत लाखौं रुपैयाँको क्षती भएको छ।

# शिक्षित एवम दक्ष जनशक्ति उत्पादनमा जोड

**मधेशदृष्टि**
**वीरगंज।**
मधेश विश्वविद्यालयको रणनीतिक योजना तर्जुमासम्बन्धी वृहत अन्तरक्रिया कार्यक्रम वीरगंजमा भएको छ।
कार्यक्रमलाई सम्बोधन गर्दै मधेश प्रदेशका पूर्व मुख्यमन्त्री लालबाबु राउतले मधेशको शैक्षिक सूचचांकलाई माथि ल्याउन र शिक्षित एवम् सीपयुक्त जनशक्ति तयार पार्न मधेश विश्वविद्यालयले उल्लेखनीय भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे।
उनले आफ्नो कार्यकालको ड्रिम प्रोजेक्टको रुपमा यो विश्व विद्यालय रहेको उल्लेख गरे। यसैगरी, मध्यपश्चिम विश्वविद्यालयका पूर्व उपकुलपति डा.उपेन्द्र कोइरालाले यस क्षेत्र र सिंगो मुलुकका लागिसमेत मधेश विश्वविद्यालय वृहत अवधारणा रहेको बताउँदै यसलाई साकार पार्न सबै एकजुट हुनपर्ने बताए।
कार्यक्रममा राजनीतिकर्मी, शिक्षाविद्लगायत विभिन्न क्षेत्रका व्यक्तिले आफ्नो धारणा राख्नु भएको थियो। विश्वविद्यालयका उपकुलपति डा. दीपक शाक्यको अध्यक्षतामा कार्यक्रम भएको थियो।

# शनिबार पनि अतिक्रमण हटाइयो




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाले सार्वजनिक अतिक्रमित जग्गामा बनाइएका संरचना हटाउने कार्यलाई आज पनि निरन्तरता दिएको छ।
महानगरपालिकाले शनिबार मुख्य नाला अतिक्रमण गरी आदर्शनगरस्थित पूर्वमा रहेको राष्ट्रिय वाणिज्य बैंकको पर्खालमा डोजर चलाएको हो।
बैंकले निर्माण गरेको करिब २३ फिट पर्खाल महानगरले डोजर लगाएर भत्काएको हो। सार्वजनिक जग्गा अतिक्रमण गरेर निर्माण गरिएका संरचना हटाउन पटकपटक आग्रह गर्दासमेत नहटाएपछि महानगर आफैँले जग्गा अतिक्रमण मुक्त बनाउन सुरु गरेको छ।
लामोसमयदेखि बैंक आफैले जग्गा खाली गराउने प्रतिवद्धता व्यक्त गर्दै आए पनि कामको बेवास्ता गरेपछि नगरप्रमुख राजेशमाज सिंहको निर्देशनमै यो स्थानमा डोजर चलाइएको सरसफाइ शाखाका अधिकृत सरफुद्धिन मिँयाले जानकारी दिए।

# ओबिसी महानगरमा गुप्ता चयन

**मधेशदृष्टि**
**वीरगंज।**
नेकपा एमालेनिकट जनवर्गीय संगठन अखिल नेपाल पिछडावर्ग ओबिसी महासंघको वीरगंज महानगरका अध्यक्षमा युवा नेता अजय गुप्ता चयन भएका छन्।
शनिबार आयोजित वीरगंज महानगर कमिटीको भेला तथा संगठन बिस्तार कार्यक्रममा वीरगंज महानगरको कमिटी विस्तारसँगै युवा नेता गुप्तालाई अध्यक्ष पदमा र्निविरोध चयन गरिएको महासंघका केन्द्रीय सदस्य सन्दीप महतोले जनकारी दिए।
उनका अनुसार, राजनीति क्षेत्रमा गुप्ताको सक्रियता र संगठनप्रतिको निष्ठालाई कदर गर्दै महासंघले अध्यक्षको जिम्मेवारी दिएको हो।


## झाडापखाला लागेपछि त्यसबाट बच्ने उपाय



मौसममा आएको परिवर्तनले शरीरको तापक्रम सन्तुलन हुन नसक्दा र हामीले खाने खाना र पानीमा ध्यान नदिदा झाडापखाला लाग्ने गर्छ। गर्मीमा खाना छिट्टै बिग्रने र लामो समय राख्दा ढुसी पर्ने र नमिठो बास्ना पनि आउँने हुन्छ। भोक लाग्यो भन्दैमा जस्तो पायो त्यस्तै खाना खानाले स्वास्थ्य बिग्रने गर्छ। त्यस्तै पाचन शक्तिले पचाउन नसक्ने खानेकुरा खाएमा पनि यो रोग लाग्छ। अति धैरै भयो भने हाम्रो शरिरले पचाउन सक्दैन। शरीरलाई अनावश्यक अथवा अति धैरै तेलमा तारेका खाना जस्तै तारेको भुटेको मासु, भट्मास खानुहुँदैन। त्यस्तै धैरै नुनिलो, धैरै पिरो र मसलायूक्त खानेकुरा नखादा बेश हुन्छ।

**झाडापखाला लागिहालेमा के खाने त ?**
१) जीवनजलको पानी सकेसम्म पिउने।
२) भात, दाल, दही अथवा नरम खाना खाने।
३) झोलिलो पदार्थ जस्तै नरम दाल, गेडागुडिको रस र फलफूलको जुस खानुपर्छ।
४) कागती, अनार, मौसम, सुन्तलाको रस जस्ता रसिला काँक्रो, पाकेको मेवा खानेकुराले फाइदा गर्छ।
५) जीवनजल नभएको खण्डमा एक चम्चा चिनी र एक चिम्टी नुन उमालेको पानीमा मिलाएर पिउन सकिन्छ।

**के के नखाने ?**
फोहोर खाना र दुषित पानी रोगका कारण भएकाले विरामी मात्र होइन स्वस्थ व्यक्तिले पनि खानु हुँदैन। तनाव र थकान हटाउँन भन्दै रक्सी पिउनु राम्रो होइन। त्यसमाथि बिरामीले खानै नहुँने कुराहरु
१) बिरामीले रक्सी, चिया, कफी र दुध नखादा बेस हुन्छ।
२) यदी फ्रिजमा राखेको खानेकुरा छ भने बाहिर निकाल्ने वित्तिकै नखाने। तथा बासी, सडेगलेका खानेकुराहरु नखाने।
३) तेलमा तारेका खाना, अमिलो अचार, आलु, भान्टा गोवी पनि नखाने। तथा झिंगा बसेको र नछोपिकन राखेको खानेकुरा नखाने।

## क्षयरोगबाट बच्ने उपाय




नेपालमा हाल नयाँ र पुराना गरी ९० हजार क्षयरोगी छन्। आर्थिक वर्ष २०७२/७३ मा ३२ हजार ३ सय ७९ र २०७३/७४ मा ३१ हजार ७६४ जना उपचाररत् छन्।विश्वमा एक तिहाइ जनसंख्यामा क्षयरोगको ब्याक्टेरिया सुषुप्त अवस्थामा हुन्छ। नेपालमा डेढ करोड मानिसमा सुषुप्त रूपमा क्षयरोगको कीटाणु रहेको अनुमान गरिएको छ। क्षयरोगको कीटाणु सुषुप्त अवस्थामा रहेमा यसलाई लेटेन्ट ट्युबरक्लोसिस (क्षयरोग) भनिन्छ। सन् २०३५ सम्म नेपालबाट क्षयरोग अन्त्य गर्ने लक्ष्य लिए पनि नेपालमा क्षयरोगका कारण हरेक दिन १८ जनाको ज्यान जाने गरेको छ।

**लक्षणहरू**
- तौल कम हुने र खाना मन लाग्ने
-छाती दुख्ने
-ज्वरो आउने
-राति धैरै पसिना आउने
- औषधि सेवनपछि खोकी ठीक नहुनु

**बच्ने उपाय**
- दुई साताभन्दा बढी समय खोकी लागेमा तुरुन्तै चिकित्सकका जाने
- संक्रमित व्यक्तिको सम्पर्कबाट टाढा रहने
- भीडभाडमा मास्क प्रयोग गर्ने
- धैरै खोकी लागेमा वा खकारमा रगत देखिएमा तुरुन्तै खोकीको जाँच गर्नुपर्ने
- पर्याप्त मात्रामा पोसिलो तथा झोलिलो पदार्थ सेवन गर्ने

## कालाजारबाट बच्ने उपाय



खेतबारीमा काम गर्दा, वनजंगलमा घाँस-दाउरा गर्दा, खोला, ताल, पोखरी वरिपरि काम गर्दा, माछा मार्दा स्यान्ड फ्लाइ नामक भुसुनाले मानिसलाई टोक्ने सम्भावना धेरै हुन्छ। लामखुट्टेले टोक्ने बित्तिकै कालाजार लाग्ने होइन। तर सचेत भने हुनु आवश्यक छ। यसका लक्षण र बस्ने उपाय विभिन्न रहेका छन्। यसलाई अवलम्बन गर्न सकिन्छ।

**कालाजारका लक्षण**
- ज्वरो आउनु,
-तौल घट्नु,
- थकान महसुस हुनु/कमजोरी महसुस,
- रक्तअल्पता हुनु,
- कलेजो लगायतका भित्री अंगको आकारमा वृद्धि हुनु,
- कलेजो ठूलो भएर पेट फुल्ने हुनु,
- छालामुनी फोका उठेर छालाको तहमा घाउ बन्ने,
- घाँटी तथा काखीका ग्रन्थी सुन्निने,
- रगतको कमी हुने र रक्तअल्पताले बिरामीको अनुहार फुस्रो, पहेंलो देखिने हुन्छ।

**कालाजारबाट बच्ने उपाय**
- पहिलो बच्ने उपाय भनेको लामखुट्टेको टोकाइबाट नै बच्ने हो,
- यो भुसुना वा लामखुट्टे धैरै सक्रिय हुने भनेको बिहान बेलुकाको समय भएकोले सकेसम्म यो समयमा बाहिर ननिस्कने तथा शरीर पुरै ढाक्ने खालका कपडा लगाउने,
- झ्याल ढोकामा जालीको प्रयोग गर्ने जसले गर्दा भुसुना लामखुट्टे लगायतका परजीवीहरू भित्र छिर्न पाउँदैनन्। घर वरिपरि चारैतिर सफा सुग्घर राख्नुपर्छ।
- सुत्ने कोठा वा आफू दैनिक रूपमा विश्राम गर्ने स्थानमा किरा मार्ने विषादी छर्कने गर्दा पनि यो रोगबाट जोगिन सकिन्छ। झुलको प्रयोग गर्ने।
- स्यान्ड फ्लाई भुसुना (लामखुट्टे) भुइँतलामा बढी बस्ने र नौ फिट भन्दामाथि राम्रोसँग उड्न नसक्ने हुँदा सम्भव भएसम्म सबै मानिस माथिल्लो तलामा सुत्नुपर्छ।
- सम्भव भएसम्म किरा मार्ने औषधिमा (किटनाशक भएको पाइरिथ्रोइड) डुबाइएको वा औषधि छर्किएको झुलको प्रयोग गर्ने गर्दा पनि कालाजारबाट बच्न सकिन्छ।

**स्वास्थ्य कार्यालय, सिरहा**
बीरगंज, मधेश प्रदेश, नेपाल


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन